# जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६, कपिलवस्तु
## (District Disaster Preparedness and Response Plan 2019, Kapilvastu)


**रामेश्वर अर्याल** – जिल्ला प्रशासन कार्यालय कपिलवस्तु

**रेशमराज शर्मा** – जि.स.स. कपिलवस्तु

**केशव सिंह** – नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कपिलवस्तु

**प्रबीन श्रीवास्तव** – गैसस महासंघ कपिलवस्तु

**डिलाराम भुसाल** – नेपाल पत्रकार महासंघ कपिलवस्तु

**रामशरण रैदाश** – दलित सामाजिक विकास केन्द्र

**मेल्सन श्रेष्ठ** – यू.एम.एन.-कपिलवस्तु



**प्रकाशक**

**जिल्ला विपद् व्यवस्थापन समिति, कपिलवस्तु**

सहयोग तथा सहजीकरण

**दलित सामाजिक विकास केन्द्र**

क.व.न.पा.५, कपिलवस्तु

# शुभकामना

कपिलवस्तु जिल्ला बाढी, आगलागी, हावाहुरी, शीतलहर जस्ता प्रकोपबाट बर्षेनी धेरैजनधनको क्षति भई रहने जिल्ला हो । सर्पदेश, महामारी, सडक दुर्घटना, द्वन्द आदिबाट समेत मानवीय तथा भौतिक क्षति हुने गरेको छ । यसप्रकार हुने क्षतिलाई न्यूनिकरण गर्न जिल्ला विपद व्यवस्थापन समितिको अगुवाईमा विषयगत क्षेत्रहरुको गहन छलफल तथा प्रयासबाट विगतका वर्षहरुमा जस्तै यस वर्षपनि कपिलवस्तु जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको छ । यस योजनाले जिल्लामा घट्ने विपदका घटनाहरुलाई पूर्वतयारी, उद्धार तथा राहतको माध्यमबाट सम्बोधन गरी जनधनको क्षतिलाई न्यूनिकरण गर्न मार्गदर्शन गर्न सफल हुने छ भन्ने विश्वास गरेको छु । सबै विषयगत क्षेत्र र संबन्धित सरोकारवालाहरुको सहभागितामा यो विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण भएको हुँदा यसको प्रभावकारी कार्यान्वयनको लागि सबैले आ-आफनो भूमिका निर्वाह गर्नु हुन आग्रह गर्दछु ।

यो योजना निर्माणमा सहयोग पुऱ्याउनु हुने सबै सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र प्राविधिक सहयोग तथा लेखन कार्यमा सहजीकरण गर्ने दलित समाजिक विकास केन्द्रलाई विशेष धन्यवाद दिन चाहन्छु ।

०६६।२।२६
.......................................

**श्री गजेन्द्र बहादुर श्रेष्ठ**
प्रमुख जिल्ला अधिकारी

# विषयसूची


| क्र.स. | विषय | पेज नं |
|---|---|---|
| १. | शब्द संक्षेप | १ |
| २. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ | २ |
| ३. | विषयगत विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना | १२ |
| ४. | आगलागी रोकथाम तथा न्यूनिकरणका लागि पुर्वतयारी तथा प्रतिकार्य योजना | ३९ |
| ५. | भूकम्पीय जोखिम न्यूनिकरणका लागि पुर्वतयारी तथा प्रतिकार्य योजना | ४३ |
| ६. | योजना कार्यान्वयन तथा पुनरावलोकन रणनीति | ४७ |
| ७. | अनुसूचीहरु | ४८ |

# १. शब्द संक्षेप

| | |
|---|---|
| शा.अ.: | शाखा अधिकृत |
| हे.पो. | हेल्थ पोस्ट |
| गा.पा.: | गाउँपालिका |
| गै.स.स.: | गैर सरकारी संस्था |
| यू.एम.एन.: | यूनाईटेड मिसन टु नेपाल |
| शि.बि.स.ई.: | शिक्षा बिकाश तथा समन्वय इकाई |
| जि.बि.व्य.स.: | जिल्ला बिपद व्यवस्थापन समिति |
| जि.प्र.का.: | जिल्ला प्रशासन कार्यालय |
| जि.स.स: | जिल्ला समन्वय समिति |
| जि.स्वा.का.: | जिल्ला स्वास्थ्य कार्यालय |
| प्रा.स्वा.के.: | प्राथमिक स्वस्थ्य केन्द्र |
| प्र.उ.: | प्रहरी उपरिक्षक |
| प्र.अ.: | प्रसाशकिय अधिकृत |
| न.पा.: | नगरपालिका |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| म.स्व.से.: | महिला स्वास्थ्य स्वयम सेविका |
| द.सा.बि.के: | दलित सामाजिक बिकास केन्द्र |
| स.प्र.बल.: | सशस्त्र प्रहरी बल |

# २. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६

## २.१. पृष्ठभुमि :

नेपालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार विपद् भन्नाले कुनै स्थानमा आपातकालिन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीबन यापन र बातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ । जसमा प्राकृतिक बिपद् भन्नाले हिमपात, असिना, हिंम पहिरो, हिंम ताल विश्फोटन, अतिवृष्टि, अनावृष्टि बाढी, पहिरो तथा भु स्खलन, डुवान, खडेरी, आधी, हुरी बातास, शितलहर, तातो हावाको लहर, चट्याङ्ग, भुकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक बिपद् बाट उत्पन्न जुन सुकै विपद्लाई बुझाउछ भने गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, किट वा सुक्ष्म जीवाणु आंतक, पशु तथा चराचुरीगीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतंक, खानी, हावाई, सडक, जल वा औद्यौगिक दुर्घटना, आगलागी, विषाक्त ग्यांस, रसायन वा बिकिरण चुहावट, ग्यास विषफोटन, विषाक्त खाद्य सेबन, बाताबरणीय प्रदूषण, बन बिनाश वा भौतिक संरचनाको क्षति तथा प्राकोप उदार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक बिपद् बाट उत्पान्न बिपद्लाई बुझाउछ ।

बिकासशील तथा बिकासोन्मुख राष्ट्रहरुमा बिपदबाट हुने क्षति बिकसित राष्ट्रहरुको तुलनामा धेरै छ । त्यसको मुख्य कारणहरु मध्ये विपद जोखिम न्यूनिकरण गर्ने क्षमता तथा संयन्त्र कम हुनु पनि एक हो । त्यसै कुरालाई मनन गरी विद्यमान साधन स्रोतको पहिचान तथा परिचालन गर्दै विपद जोखिम न्यूनिकरण गर्न र संभावित जनधनको क्षतिलाई रोक्न वा घटाउन सबै सरोकारवालाहरुको संयुक्त प्रयास हुनु आवश्यक छ । यसै संदर्भ तथा पृष्ठभूमिमा यो योजना तयार भएको छ ।

नेपाल संविधानको धारा २९६ को उपधारा १ बमोजिमको व्यवस्थापिका संसदले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को धारा १६ बमोजिम गठित यस कपिलबस्तु जिल्लाको जिल्ला विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार अन्तरगत जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागु गर्ने, गराउने बमोजिम यो योजना तयार भएको छ ।

## २.२ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा :

मानवीय सहायतामा संलग्न निकायहरुको पहिचान भई सबैको भूमिका, कार्य पद्धति, मूल्यांकन, सहयोग तथा प्रतिकार्यका संदर्भमा समन्वयात्मक तथा साझा मापदण्डमा सहमति भएको हुनेछ ।

विपद जोखिम न्यूनिकरणका लागि समन्वयात्मकरुपमा पर्याप्त पूर्व तयारी भएको हुनुका साथै आपतकालीन अवस्थालाई सम्बोधन गर्न पूर्ण तयारी भई मानवीय क्षति न्यून भएको हुनेछ ।

## २.३ मानवीय सहायतामा संलग्न साझेदार निकायहरुको विवरण :

कपिलबस्तु जिल्लामा मानवीय सहायताको क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु कार्यरत छन । मानबीय राहत तथा सहयोगको क्षेत्रमा जिल्ला बिपद् व्यवस्थापन/जिल्ला प्रशासन कार्यालय, जिसस, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, गा.पा.तथा न.पा.अर्न्तरगतका स्थानिय बिपद् व्यवस्थापन समितिहरु, जिल्ला स्वास्थ्य कार्यालय, आदि सरकारी निकायहरुमध्ये हुन भने नेपाल रेडक्रस, यूनाईटेड मिशन टु नेपाल कपिलबस्तु, यूनिसेफ, यूएनएफपीए, पत्रकार महासंघ, गैसस महासंघ, दलित सामाजिक विकास केन्द्र, इन्द्रेणी, कालिका, सिद्धार्थ, सनसाइन, सहज नेपाल, आदि गैरसरकारी क्षेत्रबाट कार्यरत संस्थाहरु हुन । कपिलवस्तु जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुको विवरण अनुसूचीमा दिइएको छ ।

## २.४ सन्दर्भ सामग्री पुनरावलोकन

यो विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, दैबि प्रकोप उद्धार ऐन, २०३९, स्थानीय स्वायत्त शासन ऐन, २०५५, कपिलबस्तु जिल्लाको बिपद् पूर्व तयारी योजना (२०६४ - २०७४), प्रकोप जोखिम स्तरीकरण (इन्द्रेणी २०६३) आदि संदर्भ सामाग्रीहरुको पुनरावलोकन गरिएको थियो ।

नेपालमा बिपद् व्यवस्थापनको कानूनी संरचनाको शुरुबात २०३९ सालमा जारी भएको दैबी प्रकोप (उद्धार) ऐन, २०३९ बाट भएको हो । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । यो ऐनले मुलुकको इतिहासमै पहिलो पटक बिपद् व्यवस्थापनको लागि संस्थागत संरचनाको व्यवस्था गरेको थियो । भने नेपालका विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनले केन्द्र, प्रदेश, जिल्ला तथा गा.पा. र न.पा. स्तरिय विपद व्यवस्थापन समितिका परिकल्पना गरेको छ ।

कपिलवस्तुबाट तयार गरेको कपिलबस्तु जिल्लाको विपद् पूर्व तयारी योजना–२०७६ इन्द्रेणी/अक्सफाम) मा जिल्लाको विपद जोखिम स्तरीकरणको साथै पूर्वतयारीका उपायहरु उल्लेख भएको छ। यस जिल्लाका केही न.पा. तथा गा.पाहरुमा पनि समुदायस्तरमा गैर सरकारी संस्थाहरुको सहयोगमा स्थानिय बिपद व्यवस्थापन समितिहरु र जिल्लास्तरमा प्रकोप प्रभावित समुदायको जिल्ला संजाल समेत गठन भई बिपद न्युनीकरण तथा पूर्व तयारीका कार्यहरु भैरहेको अवस्था छ ।

## २.५ विभिन्न वैठक तथा निर्णयहरु

कपिलवस्तु जिल्ला प्रकोपको दृष्टिले निकै संवेदनशिल जिल्ला हो । यस जिल्लामा बर्षेनी विपदबाट प्रभावित हुने जनसंख्यालाई यथाशीघ्र आवश्यक उद्दार तथा राहत पुरयाउन जिल्ला विपद व्यवस्थापन समितिले जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०६७ मा प्रथम पटक यूनिसेफ, इन्द्रेणी लगायत अन्य संघसंस्थाहरुको सहभागितामा तयार गरी त्यसमा प्रति बर्ष समयानुकूल परिमार्जन गर्दै आइरहेको छ । यसै संदर्भमा गतबर्ष तयार गरिएको विपद पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समयानुकूल परिमार्जन गरी प्रस्तुत गर्न जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार दलित सामाजिक बिकाश केन्द्रलाई दिइएको जिम्मेबारी अनुरुप कपिलबस्तु जिल्लाको यो विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ लाई प्रस्तुत गरिएको छ ।

## २.६ विपद जोखिम विश्लेषण

२०६८ को जनगणना अनुसार ५७१९३६ (पुरुष २८५५९९ र महिला २८६३३७) जनसंख्या भएको कपिलवस्तु जिल्ला प्राकृतिक प्रकोप विशेष गरी आगलागी, बाढी, सर्पदंश, हावाहुरी, शीतलहर, खडेरी, द्धन्द, जस्ता समस्याहरु उच्च रहेको जिल्लाहरु मध्ये एक हो । नेपालको प्रदेश नं. ५ मा पर्ने यस जिल्लालाई ६ नगरपालिका र ४ गाँउपालिका गरी १० स्थानीय तहको प्रशासनिक संरचनामा बाँडिएको छ ।

कपिलवस्तु जिल्ला चुरे पहाडको काखमा अवस्थित मैदानी भू-भागमा पर्दछ । यस मैदानी क्षेत्रमा पहाडी भागबाट साना ठूला नदीनालाहरु बगेर आएका छन् । बाणगंगा, सुराई, बेल तथा चिराई नदि आदि यस जिल्लाका प्रमुख नदीहरु हुन् । मनसुनी मुसलधारे बर्षाले यस जिल्लाको उत्तरी पहाडी क्षेत्रमा प्राय: बर्षेनी पहिरो र भु-क्षय जस्ता समस्या आउने गरेका छन् भने त्यही पानीले समथर तराई क्षेत्रलाई बाढीको चपेटामा पार्ने गरेको छ । यसको साथै दक्षिणतर्फ भारतीय भूमीमा झरई, महलीसागर जस्ता बाँधहरुको कारणबाट जिल्लाको दक्षिण भू भाग डुबानमा पर्ने गरेको छ । त्यसै गरी गर्मीको समयमा आगलागी, हावाहुरी, महामारी, खडेरी, सर्पदंश आदिले धेरै जनधनको क्षति हुने गर्छ भने मानब द्धन्द, सवारी दुर्घटना आदि पनि यस जिल्लाका अन्य प्रमुख संकटहरु हुन् ।

कपिलवस्तु जिल्लाका विगतका तथ्यांकहरु केलाउँदा बाढि तथा डुबान, आगजनी र द्धन्द तथा त्यसबाट हुने प्रकोप अन्य संकटहरुको तुलनामा अधिक देखिन्छ । मुख्य गरी यस जिल्लामा बाढीको घटनाहरु पूर्वमा बाणगगा र पशिचममा सुराई र चिराईजस्ता बेगवान नदी र खोलाहरुको कारणबाट हुने गर्दछन् । त्यसमा पनि नदी छेउमा बसेको बस्ति, कमसल जमीनमा पनि खेती बिस्तार गर्दै जानुपर्ने स्थिति, अव्यवस्थित बसाई सराई, अव्यबस्थित बसोबास, धेरैजसो कच्ची फुसको घर र तीव्रगतिमा भैरहेको बन जंगल लगायतका प्राकृतिक सम्पदाको विनाशले कपिलवस्तुलाई बाढी तथा आगजनीले प्रभावित पारेको छ । यसको अतिरिक्त सडक दुर्घटना, हावाहुरी, असिना, खडेरी जस्ता समस्याले गर्ने क्षति अलग्गै छ । यी प्रकोपहरुको न्यूनिकरण, प्रभावितहरुलाई उद्दार तथा राहत र पुनर्स्थापनाका लागि जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, बिभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरु, गाउँ तथा नगरपालिकाका साथै नागरिक स्तरबाट समेत बिभिन्न प्रयासहरु भएका पाइन्छन् । यी प्रयासहरु प्रकोप घटिसके पश्चात् उद्दार, राहत बितरण र प्रभावितहरुको अस्थायी पुनर्स्थापनामा केन्द्रित भएको देखिन्छ ।



यस जिल्लाको विभिन्न गा.पा. तथा नगरपालिकाहरुमा घट्ने विपदका घटनाहरुको आधारमा जोखिम विश्लेषण गर्दा निम्नानुसार पाइएको छ ।

| क्र.सं | गाउँपालिका/ नगरपालिका | जोखिममा रहेका स्थान र तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बाढी | पहिरो | आगलागि | भूकम्प | वायुप्रदुषण | तह |
| १ | कपिलवस्तु नगरपालिका | निग्लिहवा, ९, १० तिलौराकोट, ६ सौराह १२ | छैन | ७. धर्मपनिया<br>८. दोहनी<br>११. जहदी<br>१२. सौराह | वडा नं. १ देखि ५ का शहरी क्षेत्रहरु | (वडा नं. १ देखि ५) मध्यम जोखिम | ४ |
| २ | बुद्धभूमि नगरपालिका | १० धनकौली, बुडडी | | ६. महुवा<br>७. मानपुर<br>१०. धनकौली | वडा नं. १ देखि ५ का शहरोन्मुख क्षेत्रहरु | कम जोखिम | ३ |
| ३ | शिवराज नगरपालिका | ८. बिसनपुर, ९ शिवगढी | शिवगढी | ३. चनई<br>७. जबाभारी<br>८. बिसनपुर<br>१०. लालपुर<br>११. थुनिया | नगरपालिकाका शहरोन्मुख क्षेत्रहरु | मध्यम जोखिम | ३ |
| ४ | महाराजगंज नगरपालिका | महाराजगंज ८ कजरहवा १० हर्दौना | छैन | सबै वडाहरु | नगरपालिकाका शहरोन्मुख क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ५ | कृष्णनगर नगरपालिका | ५ पुरुषोत्तमपुर | छैन | ५. पुरुषोत्तम<br>६. भिल्मी<br>७. अजिगरा<br>८, ९ बहादुरगंज<br>१०. बिद्यानगर<br>११. रामनगर<br>१२. भगवानुर | वडा नं. १ देखि ४ का शहरी क्षेत्रहरु | मध्यम जोखिम | ३ |
| ६ | बाणगंगा नगरपालिका | १२. कोपवा, १३. काइली बनगाई | छैन | कम जोखिम | नगरपालिकाक शहरोन्मुख क्षेत्रहरु | कम जोखिम | ४ |
| ७ | मायादेबी गाउँपालिका | छैन | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | २ |
| ८ | यशोधरा गाउँपालिका | ५ बैदौली<br>६ रंगपुर<br>८ सिहखोर | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | ४ |
| ९ | शुद्धोधन गाउँपालिका | छैन | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | २ |
| १० | विजयनगर नगरपालिका | ३ र ४ पत्थरदेइया | गुगौली | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | ३ |

स्रोत : विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७४

माथिको जोखिम स्तरीकरणमा ५ तथा ४ अंकलाई उच्च जोखिम, ३ अंकलाई मध्यम जोखिम र २ अंकलाई न्यून जोखिममा राखिएको छ ।

जस अनुसार कपिलवस्तु जिल्लामा बाढीबाट ६ नगरपालिकाका १२ वडाहरु तथा २ गाँउपालिकाका ५ वडाहरु प्रभावित रहेका छन र ति मध्ये १० वडाहरु उच्च र ७ वडाहरु मध्यम जोखिममा रहेको देखिन्छ । त्यस्तै आगलागीबाट नगरपालिकामा रहेका शहरोन्मुख स्थानहरुबाहेक अधिकांश स्थानहरु आगलागिको उच्च जोखिममा रहेका छन ।

## २.७ विपद्को विगतको अवस्था र संभावना

कपिलवस्तु जिल्लाको विपद् पूर्व तयारी योजना (२०६४) अनुसार जिल्लामा आगलागी, बाढी, भुकम्प, खेत कटान, नदीको धार परिवर्तन, माटो पटान, डुवान, हावाहुरी, चट्याङ्ग, खडेरी, शितलहर, तातो हावा (लू), महामारी जस्ता विपद्बाट जिउ धनको क्षति भएको अभिलेख छ। साथै द्धन्दबाट सिर्जित घटनाहरुबाट समय समयमा धनजनको क्षती तथा बिस्थापन भएको पाईन्छ।

विगतका बर्षहरुमा कपिलवस्तु जिल्लामा बाढीजन्य प्रकोपबाट धेरै मात्रामा धनजनको क्षति भएको थियो। २०६१ साल भाद्रमा सौराह गाविसको बर्गदीघाटमा बाढीले डुंगा पल्टाउँदा १२० जना मानिसको मृत्यु भएको थियो भने प्रत्येक वर्ष ४ देखि ७ जना सम्म मानिसहरुको बाढीको कारणबाट मृत्यु हुने गरेको छ।

बर्षेनी आउने बाढी लगायतका प्रकोपहरुले जिल्लाको भौतिक पूर्वाधार तथा बिकासका संरचनाहरु नष्ट हुन गै सम्पूर्ण जनजीवन प्रभावित हुने गरेका छन्। जिल्लाको मध्य तथा दक्षिण क्षेत्रमा डुवान, खेत कटान जस्ता समस्याले धेरै धनजनको नोक्सानी हुने गरेको छ। यस जिल्लामा आगलागीबाट पनि बर्षेनी लगभग ५०० घर टहरा नष्ट हुनुको साथै ४/५ जना मानिसको मृत्यु हुने गरेको छ यसको साथै सर्पदंशबाट बर्षेनी ५/७ जना मानिसहरुको मृत्यु हुन्छ। यी सबै विपदहरुलाई सम्बोधन गर्नु आवश्यक छ।

माथि उल्लेखित जोखिम स्तरीकरण अनुसार बाढीजन्य विपदबाट ६ नगरपालिकाका १२ वडाहरु तथा २ गाँउपालिकाका ५ वडाहरु प्रभावित रहेका छन र ति मध्ये १० वडाहरु उच्च र ७ वडाहरु मध्यम जोखिममा रहेको देखिन्छ। २०६८को जनगणना अनुसार कपिलवस्तु जिल्लामा बाढीजन्य क्षेत्रमा बसोबास गर्ने २३६०९८ जनसंख्या मध्य ३५ प्रतिशत अर्थात ८२६३४ जनसंख्या अति प्रभावित रहेका छन। त्यस्तै कच्ची घरमा बसोबास गर्ने २४२०५१ जनसंख्या मध्ये ४० प्रतिशत अर्थात ९६८२० भन्दा बढी जनसंख्या अति जोखिममा रहेका छन। तातोहवा (लू) तथा शीतलहरबाट कम उमेरका बालबालिकाहरु, सुत्केरी/गर्भवती महिला, बढीउमेरका जेष्ठ नागरिकहरु बढी जोखिममा रहेका छन। एवंप्रकार जिल्लाको शहरोन्मुख नगरपालिका तथा गाँउपालिकाहरुमा बनेका ठूला भवन तथा भौतिक संरचनाहरु गैरइन्जिनियरिंग तरिकाबाट बनेका हुँदा भूकम्पीय जोखिममा रहेको देखिन्छ। यहाँ यस योजनामा बाढीजन्य विपद तथा आगलागी यस जिल्लाको प्रमुख बिपदकोरुपमा भएकोले त्यसलाई पनि सम्बोधन गर्न बाढी तथा आगलागीको लागि र आकस्मिकरुपमाआउने भूकम्पलाई समेत केन्द्रित गरी संबन्धी छुट्टाछुट्टै पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी प्रस्तुत गरिएको छ।

## २.८ विषयगत क्षेत्रको पहिचान तथा निकायगत भूमिका र जिम्मेवारी

प्रभावकारी मानवीय प्रतिकार्यका लागि नेपाल सरकारले विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ माफ( र्त विषयगत अवधारणा (Cluster approach) लाई औपचारिक रुपमा मान्यता प्रदान गरिसकेको छ। यसका साथै सन २००८ को सेप्टेम्बरमा कोशी नदीमा आएको बाढीबाट सिर्जित आपतकालमा प्रतिकार्य गर्न यो अवधारणालाई बिभिन्न क्षेत्रमा प्रयोग समेत गरिसकिएको छ। कपिलवस्तु जिल्लामा बिभिन्न ८ वटा विषयगत क्षेत्रको पहिचान गरी आपतकालमा प्रतिकार्य गर्न निश्चित भूमिका प्रदान गरिएको छ। निश्चित विषयगत क्षेत्रमा कार्यरत संस्थाहरुलाई एक अर्कोमा समन्वय गरी कार्य गर्न तिनीहरु मध्ये एउटालाई अगुवाको भूमिका प्रदान गरिएको छ। कपिलवस्तु जिल्लामा बाढीजन्य प्रकोपलाई सम्बोधन गर्न पहिचान गरिएका विषयगत क्षेत्रहरु निम्नानुसार छन।

१. सूचना तथा समन्वय (Information & Coordination)

२. खोजी तथा उद्धार (Search and Rescue)

३. आवास तथा गैर खाद्य सामग्री (Shelter &Non-Food Items)

४. स्वास्थ्य तथा पोषण (Health and Nutrition)

५. शिक्षा (Education)

६. संरक्षण (Protection)

७. खानेपानी तथा सरसफाइ (WASH)

८. कृषि, खाद्य तथा जिविकोपार्जन (Agriculture, Food and Livelihood)

## २.९ विषयगतक्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरण

### १. सूचना तथा समन्वय (Information & Coordination)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोवाइल नम्बर |
|---|---|---|---|---|
| १ | जिविव्य समिति | अगुवा संस्था | अध्यक्ष (प्र.जि.अ) | ९८५७०३७७७७ |
| २ | जि.प्र.का | सहयोगी संस्था | स.प्र.जि.अ | ९८५७०५४७७७ |
| ३ | जि.स.स. | सहयोगी संस्था | जि.स.अ. | ९८५७०७८२२२ |
| ४ | डिभिजन बन कार्यालय | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८५७०५१०१४ |
| ५ | कपिलवस्तु न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७०८३८५५ |
| ६ | कपिलवस्तु न.पा | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८४१११ |
| ७ | बुद्धभुमि न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५०२९० |
| ८ | बुद्धभुमि न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८४७०३२३६५ |
| ९ | बाणगङ्गा न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७४५२७२७ |
| १० | बाणगङ्गा न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८७१११ |
| ११ | महाराजगंज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५६८८६ |
| १२ | महाराजगंज न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८४७६५२९०० |
| १२ | शिवराज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०३०३३ |
| १३ | शिवराज न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८६१११ /<br>९८५७०१४५८० |
| १४ | बिजयनगर गा.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५५१०३ |
| १५ | बिजयनगर गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०१४८६९ |
| १६ | यशोधरा गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२६९९ |
| १७ | याशोधरा गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०५१८४३ |
| १८ | कृष्णनगर न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८४७५४८५५५ |
| १९ | कृष्णनगर न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८५१११ |
| २० | मायादेवी गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५३९९९ |
| २१ | मायादेवी गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८४७०६१३६१ |
| २२ | सुध्दोधन गा.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८१६४८६७८७ |
| २३ | सुध्दोधन गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०५२१०१ |
| २४ | नेपाल रेडक्रस सोसाइटी | सहयोगी संस्था | सभापति | ९८५७०५०८०६ |
| २५ | पत्रकार महासंघ, | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०६८१ |
| २६ | गैसस महासंघ | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०४०८ |
| २७ | यू.एम.एन. कपिलवस्तु | सहयोगी संस्था | बिपत व्यवस्थापन फोकल व्यक्ति (मेल्सन श्रेष्ठ) | ९८४५१५४१९९ |
| २८ | दलित सा.वि.केन्द्र | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५११५८ |
| २९ | इन्द्रेणी | सहयोगी संस्था | मनोज पन्थी | ९८५७०५४४७७ |
| ३० | आई एन एफ | सहयोगी संस्था | अध्यक्ष | ९८४५७२१३१४ |
| ३१ | कालिका स्वा. सा. के. | सहयोगी संस्था | का.नि. | ९८५७०५१६८५ |
| ३२ | कपिलवस्तु संस्थागत वि. स. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०५२५७४ |
| ३३ | KIDS | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५१२५१ |
| ३४ | सनसाईन सा. वि. सं. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०५२७७९ |
| ३५ | सिद्धार्थ सा. वि. के. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०७०७ |
| ३६ | LIDO | सहयोगी संस्था | फोकल व्यक्ति | ९८५७०५०८४८ |

## २. खोजी तथा उद्धार (Search and Rescue)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोबाइल नम्बर |
|---|---|---|---|---|
| १ | जिविब्य समिति | अगुवा संस्था | स.प्र.जि.अ | ९८५७०५४७७७ |
| २ | जिसस | सहयोगी संस्था | जि.स.अ. | ९८५७०७८२२२, ०७६ ५६००२७, ५६००७२, ५६०००५ |
| ३ | नेपाली सेना | सहयोगी संस्था | प्र.से. | ९८५१२३२०३५ |
| ४ | नेपाल प्रहरी | सहयोगी संस्था | प्रहरी उपरिक्षक | ९८५७०८५५५५ /१०० |
| ५ | सशस्त्र प्रहरी बल | सहयोगी संस्था | स.प्र.उ. | ९८५१२७२११६ |
| ६ | नेपाल रेडक्रस सोसाईटी | सहयोगी संस्था | केशव सिंह | ९८५७०५०८०६ |
| ७ | कपिलबस्तु न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७०८३८५५ |
| ८ | कपिलबस्तु न.पा | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८४१११ |
| ९ | बुद्धभुमि न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५०२९० |
| १० | बुद्धभुमि न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८४७०३२३६५ |
| ११ | बाणगङ्गा न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७४५२७२७ |
| १२ | बाणगङ्गा न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८७१११ |
| १३ | महाराजगंज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५६८८६ |
| १४ | महाराजगंज न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८४७६५२९०० |
| १५ | शिवराज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०२४०३ |
| १६ | शिवराज न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८६१११ / ९८५७०१४५८० |
| १७ | बिजयनगर गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५५१०३ |
| १८ | बिजयनगर गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०१४८६९ |
| १९ | यशोधरा गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२६९९ |
| २० | यशोधरा गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०५१८४३ |
| २१ | कृष्णनगर न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८४७५४८५५५ |
| २२ | कृष्णनगर न.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०८५१११ |
| २३ | मायादेवी गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५३९९९ |
| २४ | मायादेवी गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८४७०६१३६१ |
| २५ | सुध्दोधन गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८१६४८६७८७ |
| २६ | सुद्धोधन गा.पा. | सहयोगी संस्था | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०५२१०१ |
| २७ | गै.स.सं. महासंघ | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०४०८ |

## ३. आवास तथा गैर खाद्य सामग्री (Shelter &Non-Food Items)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोबाइल नम्बर |
|---|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी | अगुवा संस्था | सभापति | ९८५७०५०८०६ |
| २ | जिविब्य समिति | अगुवा संस्था | स.प्र.जि.अ | ९८५७०५४७७७ |
| ३ | जिसस | सहयोगी संस्था | जि.स.अ. | ९८५७०७८२२२, |
| ५ | कपिलबस्तु न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७०८३८५५ |
| ६ | बुद्धभुमि न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५०२९० |
| ७ | वाणगङ्गा न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७४५२७२७ |
| ८ | महाराजगंज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५६८८६ |
| ९ | शिवराज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०२४०३ |
| १० | यशोधरा गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२६९९ |
| ११ | कृष्णनगर न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८४७५४८५५५ |
| १२ | मायादेवी गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०६१३६१ |
| १३ | सुध्दोधन गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२१०१ |
| १४ | बिजयनगर गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५५१०३ |
| १६ | गैसस महासंघ | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०४०८ |
| १७ | उद्योग बाणिज्य संघ, तौलिहवा | सहयोगी संस्था | अध्यक्ष | ९८५७०२२२०३ |
| १८ | यूनिसेफ | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८५७०१२२५६ |
| १९ | यू एन एफ पिए | सहयोगी संस्था | कार्यालय प्रमुख | ९७५७०५०३१३ |
| २० | केयर नेपाल | सहयोगी संस्था | टिम लिडर | ९८५१०१४१६१ |
| २१ | सेभ द् चिल्ड्रेन | सहयोगी संस्था | टिम लिडर | ९८५११५२७८० |
| २२ | यू.एम.एन. कपिलबस्तु | सहयोगी संस्था | विपत व्यवस्थापन फोकल व्यक्ति | ९८४५१५४१९९ |
| २३ | दलित सा.वि.केन्द्र | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५११५८ |
| २४ | आई एन एफ | सहयोगी संस्था | अध्यक्ष | ९८४५७२१३१४ |
| २५ | कालिका स्वा. सा. के. | सहयोगी संस्था | का.नि. | ९८५७०५१६८५ |
| २६ | कपिलबस्तु संस्थागत वि. स. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०५२५७४ |
| २७ | KIDS | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५१२५१ |
| २८ | सनसाईन सा. वि. सं. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०५२७७९ |
| २९ | सिद्धार्थ सा. वि. के. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०७०७ |
| ३० | LIDO | सहयोगी संस्था | फोकल व्यक्ति | ९८५७०५०८४८ |
| ३१ | इन्द्रेणी | सहयोगी संस्था | मनोज पन्थी | ९८५७०५४४७७ |

## ४. स्वास्थ्य तथा पोषण (Health and Nutrition)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोवाइल नम्बर |
|---|---|---|---|---|
| १ | जि.स्वा.का. | अगुवा संस्था | कार्यालय प्रमुख | ९८६७२२५१२० |
| २ | जिल्ला अस्पताल | सहयोगी संस्था | कार्यालय प्रमुख | ०७५५६०२०० |
| ३ | यूनिसेफ | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८५७०१२२५६ |
| ४ | यू एन एफ पिए | सहयोगी संस्था | कार्यालय प्रमुख | ९७५७०५०३१३ |
| ५ | मेरीस्टोप | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८४७०३०१५० |
| ६ | यू.एम.एन. | सहयोगी संस्था | टिमलिडर | ९८५११४०६२६ |
| ९ | आई एन एफ | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८४५७२१३१४ |
| १० | सुआहारा | सहयोगी संस्था | कार्यालय संयोजक | ९८५४०३५६२९ |
| ११ | परिवार नियोजन संघ | सहयोगी संस्था | कार्यालय व्यवस्थापक | ९८५७०५०५९७ |
| १२ | कालिका स्वा. सा. के. | सहयोगी संस्था | का.नि. | ९८५७०५१६८५ |

## ५. शिक्षा (Education)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोवाइल नम्बर |
|---|---|---|---|---|
| १ | शिक्षा बिकाश तथा समन्वय इकाई | अगुवा संस्था | का.प्र. | ९८४७०५१६२५ |
| २ | यूनिसेफ | सहयोगी संस्था | शंकर पौडेल | ९८५७०१२२५६ |
| ३ | यूएनएफपिए | सहयोगी संस्था | चित्र महतो | ९७५७०५०३१३ |
| ४ | केयर नेपाल | सहयोगी संस्था | दिपेन्द्रराज शर्मा | ९८५१०१४१६१ |
| ५ | सेभ द चिल्ड्रेन | सहयोगी संस्था | इश्वर खत्री | ९८५११५२७८० |
| ६ | यू.एम.एन. | सहयोगी संस्था | नबराज जोशी | ९८४८९५८६०१ |
| ७ | गैसस महासंघ | सहयोगी संस्था | प्रवीण कुमार श्रीवास्तव | ९८५७०५०४०८ |
| ८ | सनसाइन सामाजिक विकास संस्था | सहयोगी संस्था | तुलसीराम यादव | ९८४७०५२७७९ |
| ९ | दलित सामाजिक बिकास केन्द्र | सहयोगी संस्था | राम शरन रैदास | ९८५७०५११५८ |
| १० | कालिका स्वा. सा. के. | सहयोगी संस्था | का.नि. | ९८५७०५१६८५ |
| ११ | सिद्धार्थ सा. बि. के. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०७०७ |
| १२ | LIDO | सहयोगी संस्था | फोकल व्यक्ति | ९८५७०५०८४८ |

## ६. संरक्षण (Protection)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोवाइल नम्बर |
|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका कार्यालय | अगुवा संस्था | | |
| २ | जि.बि.व्य.स | अगुवा संस्था | अध्यक्ष (प्र.जि.अ) | ९८५७०३७७७७ |
| ३ | जि.प्र.का. | सहयोगी संस्था | प्रहरी उपरिक्षक | ९८५७०८५५५५/१०० |
| ४ | नेपाल रेडक्रस सोसाइटी | सहयोगी संस्था | केशब सिंह | ९८५७०५०८०६ |
| ५ | यू.एम.एन. | सहयोगी संस्था | पाण्डब रसाईली | ९८४८४५४५४२ |
| ६ | यूनिसेफ | सहयोगी संस्था | प्रकाश कैनी | ९८५१०१४८०८ |
| ७ | यूएनएफपिए | सहयोगी संस्था | चित्र महतो | ९७५७०५०३१३ |
| ८ | पत्रकार महासंघ, | सहयोगी संस्था | डिलाराम भुसाल | ९८५७०५०६८१ |
| ९ | गै.स.स. महासंघ नेपाल, क.ब. | सहयोगी संस्था | प्रवीण कु. श्रीवास्तव | ९८५७०५०४०८ |
| १० | अपाङ्ग उत्थान सामाज | सहयोगी संस्था | कमल ढुंगाना | ९८६७७११४१७ |
| ११ | महिला आश्रय गृह | सहयोगी संस्था | बिमला घिमिरे | ९८४७०६१०७४ |

## ७. खानेपानी तथा सरसफाइ (WASH)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | मोबाइल नम्बर |
|---|---|---|---|---|
| १ | खानेपानी सरसफाई सव डिभिजन कार्यालय | अगुवा संस्था | कार्यालय प्रमुख | ९८४८२४५५३४ |
| २ | कपिलबस्तु न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७०८३८५५ |
| ३ | बुद्धभुमि न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५०२९० |
| ४ | वाणगङ्गा न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७४५२७२७ |
| ५ | महाराजगंज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५६८८६ |
| ६ | शिवराज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०२४०३ |
| ७ | यशोधरा गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२६९९ |
| ८ | कृष्णनगर न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८४७५४८५५५ |
| ९ | मायादेवी गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०६१३६१ |
| १० | सुध्दोधन गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२१०१ |
| ११ | विजयनगर गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५५१०३ |
| १२ | यूनिसेफ | सहयोगी संस्था | शंकर पौडेल | ९८५७०१२२५६ |
| १३ | खानेपानी संस्थान | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८४७०२३१२४ |
| १४ | गैसस महासंघ | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०४०८ |
| १५ | दलित सामाजिक विकास केन्द्र | सहयोगी संस्था | संजय कुमार कोरी | ९८१७५८४६९७ |
| १६ | सुआहारा | सहयोगी संस्था | लवहरी बुढाथोकी | ९८५४०३५६३८ |
| १७ | इन्द्रेणी | सहयोगी संस्था | मनोज पन्थी | ९८५७०५४४७७ |

## ८. कृषि, खाद्य तथा जिविकोपार्जन (Agriculture, Food and Livelihood)

| क्रसं | संस्थाको नाम | भूमिका | संपर्क व्यक्ति | संपर्क नम्बर |
|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | अगुबा संस्था | कार्यालय प्रमुख | ९८६८१४८९११<br>०७६५६००६३ |
| २ | भेटरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८४८०३२७१२ |
| ३ | कपिलबस्तु न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७०८३८५५ |
| ४ | बुद्धभुमि न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५०२९० |
| ५ | बाणगङ्गा न.पा | सहयोगी संस्था | नगर प्रमुख | ९८४७४५२७२७ |
| ६ | महाराजगंज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०५६८८६ |
| ७ | शिबराज न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८५७०२४०३ |
| ८ | यशोधरा गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२६९९ |
| ९ | कृष्णनगर न.पा. | सहयोगी संस्था | नगर प्रमुख | ९८४७५४८५५५ |
| १० | मायादेवी गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८४७०६१३६१ |
| ११ | सुध्दोधन गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५२१०१ |
| १२ | विजयनगर गा.पा. | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५५१०३ |
| १३ | डि.व.का | सहयोगी संस्था | कार्यालय प्रमुख | ९८५७०५१०१४ |

| | | | | |
|---|---|---|---|---|
| १४ | सिंचाई विकास डि. कार्यालय | सहयोगी संस्था | कार्यालय प्रमुख | |
| १५ | नेरेसो | सहयोगी संस्था | सभापति | ९८५७०५०८०६ |
| १६ | उद्योग वाणिज्य संघ तौलिहवा | सहयोगी संस्था | गयादिन कुर्मी | ९८५७०२२२०३ |
| १७ | गैसस महासंघ | सहयोगी संस्था | प्रवीण श्रीबास्तव | ९८५७०५०४०८ |
| १८ | दलित सामाजिक बिकास केन्द्र | सहयोगी संस्था | सुमन न्यौपाने | ९८४५४२२२०० |
| १९ | यूनिसेफ | सहयोगी संस्था | शंकर पौडेल | ९८५७०१२२५६ |
| २० | यू एन एफ पिए | सहयोगी संस्था | चित्र महतो | ९७५७०५०३१३ |
| २१ | केयर नेपाल | सहयोगी संस्था | दिपेन्द्र राज शर्मा | ९८५१०१४१६१ |
| २२ | सेभ द् चिल्ड्रेन | सहयोगी संस्था | ईश्वर खत्री | ९८५११५२७८० |
| २३ | यू.एम.एन. कपिलबस्तु | सहयोगी संस्था | रुप कुमार | ९८५११४०२२६ |
| २४ | दलित सा.वि.केन्द्र | सहयोगी संस्था | राम शरन रैदास | ९८५७०५११५८ |
| २५ | आई एन एफ | सहयोगी संस्था | कृष्ण खड्का | ९८४५७२१३१४ |
| २६ | कालिका स्वा. सा. के. | सहयोगी संस्था | का.नि. | ९८५७०५१६८५ |
| २७ | कपिलवस्तु संस्थागत वि. स. | सहयोगी संस्था | विश्व राज रेग्मी | ९८४७०५२५७४ |
| २८ | KIDS | सहयोगी संस्था | कृष्ण कु. द्विवेदी | ९८५७०५१२५१ |
| २९ | सनसाईन सा. वि. सं. | सहयोगी संस्था | तुल्सीराम यादव | ९८४७०५२७७९ |
| ३० | सिद्धार्थ सा. वि. के. | सहयोगी संस्था | तेज प्रसाद आचार्य | ९८५७०५०७०७ |
| ३१ | LIDO | सहयोगी संस्था | सुनिता वेल्वासे | ९८५७०५०८४८ |
| ३२ | इन्द्रेणी | सहयोगी संस्था | मनोज पन्थी | ९८५७०५४४७७ |

# ३. विषयगत विपदको प्रकृतिमा आधारित प्रतिकार्य योजना

## ३.१. सूचना तथा समन्वय (Information & Coordination)

### क) विपद पछिको अनुमानित परिदृश्य

- सूचना प्रसारण प्रविधिहरु अवरुद्ध वा नष्ट ।
- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, विद्युत, आपूर्ति, सञ्चार) नष्ट, आवागमन अवरुद्ध ।
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-बालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन ।
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि परेको चाप आवाससम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवार ।

### (ख) प्रस्तुत योजनाको उद्देश्य

- सूचना प्रवाहका बैकल्पिक उपायहरु पहिचान गर्ने तथा सूचनाहरुलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुमा उपलब्ध गराई प्रतिकार्य सुनिश्चित गर्ने ।
- जिल्ला तथा स्थानिय तहमा सूचना तथा समन्वय समिति गठन गर्ने ।
- तीनदेखि पाँच दिन भित्र Multi-cluster Initial Rapid Assessement (MIRA) गरी क्षति र पीडितहरुको विवरण तयार गर्ने ।
- नियमित रुपमा अनुगमन गरी क्षेत्रहरुलाई पृष्ठपोषण गर्ने ।

### (ग) मानवीय सहयोगका मापदण्ड

- टोल फ्री एक थान टेलीफोन लाइन उपलब्ध गराउने
- समन्वय बैठक आवश्यकता अनुसार बस्ने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने
- जोखिममा परेका समुह तथा जनसंख्यालाई न्यायोचित रूपमा गरिएको उद्धार सामग्रीको बितरण तथा सहयोग
- अवस्था तथा आवश्यकताको आधारमा रहेर–द्रुत मूल्यांकन (IRA, MIRA) टीम परिचालन गर्ने ।
- परिस्थितिका बारेमा दैनिक वा आवश्यकता अनुसार प्रतिबेदन तयार गर्ने ।
- यथासिघ्र घटनाको विवरण सँचारमाध्यममा पठाउने ।
- समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने, प्रतिवेदन तयार गरि सबैलाई जानकारी गराउने ।

## ३.१.१ विद्यमान श्रोत तथा क्षमताको विवरण

| क्र.सं. | कार्यालय/ संस्था | मानवीय श्रोत | सामग्री |
|---|---|---|---|
| १ | जिल्ला विपद व्यवस्थापन समिति | क्लष्टर समन्वयकर्ताहरु | सवारी साधन, इन्धन |
| २ | न.पा. तथा गा.पा.स्तरीय स्थानिय विपद व्यवस्थापन समिति | निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु | सवारी साधन लगायत अन्य आवश्यक सहयोग |
| ३ | सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल प्रहरी | सूचना संजाल, इलाका प्रहरी कार्यालय तथा प्रहरी पोष्टहरु | गाडी, संचार सेट, जनशक्ती परिचालन |
| ४ | संचार कर्मीहरु | उपलब्ध भएसम्म | संचार पत्र पत्रिका, रेडियो |
| ५ | गै.स.स महासंघ | संघ/संस्था/व्यक्ति | सहयोग (विविध) |
| ६ | यू.एम.एन. | जिविकोपार्जन, शिक्षा, संरक्षण संग सम्बन्धित दक्ष व्यक्तिहरु | सवारी साधन तथा अन्य |
| ७ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) | सम्बन्धित सरोकारवाला संग सम्पर्क समन्वय | सवारी साधन तथा अन्य |
| ८. | नगरिक समाज | संघ संस्था/व्यक्ति | |

### ३.१.२ प्रमुख कार्यहरु :

- क्षतिग्रस्त स्थानहरुमा गई क्षति भएको भौतिक संरचना, कृषि वाली, पशुपक्षी, मानवीय क्षतिको सम्भव
- भएसम्म तस्विर सहित विवरण संकलन गर्ने गराउने ।
- IRA / MIRA Tools को प्रयोग गरी तथ्याक संकलन गर्ने र सो सूचनाहरुलाई विश्लेषण गरी तथ्य सूचनाहरुलाई सम्प्रेषण गर्ने ।
- समय समयमा Inter Cluster Meeting को आयोजना गरि अवस्थाको वारेमा जानकारी लिने दिने ।
- विपदबाट पीडितहरु को को हुन् ? पहिचान गरि अस्थायी प्रमाणपत्र उपलब्ध गराउन पहल गर्ने ।
- गाउँस्तरमा गठन हुने स्थानीय सूचना तथा समन्वय समितिलाई सक्रिय तुल्याउन पहल गर्ने ।
- सत्य तथ्य सूचनाहरु समय समयमा सार्वजनिक गर्न पत्रकार सम्मेलन तथा प्रेस विज्ञप्ती जारी गर्ने ।
- विपदका कारण संचार माध्यमहरु नष्ट हुने हुँदा वैकल्पिक संचार माध्यमको व्यवस्थापन गर्ने ।

### ३.१.३ विपद पश्चात संचालन गरिने कार्यहरु :

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | सूचनाको आधिकारिकता पत्ता लगाउने । | जिल्ला विपद व्यवस्थापन समिति | यथासिध्र |
| २ | जिल्ला विपद व्यवस्थापन समितिको बैठक आयोजना गर्ने । जिम्मेवारी बांडफांड गर्न, सम्पूर्ण सेक्टर वा क्लष्टरहरुलाई जानकारी गराई सक्रिय पार्ने | जिल्ला विपद व्यवस्थापन समिति | यथासिध्र |
| ३ | प्रभावित क्षेत्रमा राहत, उद्दार, खोज कार्यक्रम संचालनका लागि स्थानीय स्तरमा समिति गठन गरी समूह विभाजन सहित कामको जिम्मेवारी दिने । | जिल्ला विपद व्यवस्थापन समिति, जि.प्र.का.समिति, गा.पा. ⁄ न.पा. र स्थानीय संस्था | यथासिध्र |
| ४. | संभावित प्रभावित क्षेत्रहरुमा ⁄ स्थानहरुमा काम भएको नभएको, राहत तथा उद्दार सामाग्री पुगे नपुगेको जानकारी लिने । | जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, गा.पा. ⁄ न.पा. र स्थानीय संघ ⁄ संस्था, पत्रकार | आवश्यकता अनुसार |
| ५ | प्रभावित स्थानहरुमा भएको क्षति तथा अन्य गतिविधिको तथ्यांक विवरण लिने, विश्लेषण गर्ने, सामाग्री पुगे ⁄ नपुगेको एकीन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति बैठक, नेपाल प्रहरी | यथासिध्र |
| ६ | सम्पूर्ण तथ्यांक विवरणको प्रदेश ⁄ संघिय मन्त्रालयमा जानकारी गराउने । | जिल्ला विपद व्यवस्थापन समिति बैठक | प्राप्तहुने बितिकै |
| ७ | प्रभावित स्थानहरुमा वितरित राहत सामाग्रीको अनुगमन, समिक्षा र मूल्यांकन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार |
| ८ | सूचना केन्द्रको रुपमा बिपत पुर्व सूचना प्रणलिलाई सशक्त बनाउने । | जिल्ला विपद व्यवस्थापन समिति | |
| ९ | प्रत्येक सरोकार बाला कार्यालयमा एक जना कर्मचारीलाई कार्यक्रम सम्पर्क व्यक्तिको रुपमा तोक्ने । | कार्यालय प्रमुख | तत्काले तोकी जि.बि. व्य.स मा जानकारी पठाउने |
| १०. | जिल्ला विपद व्यवस्थापन समितिवाट प्रभावित क्षेत्र ⁄ स्थानको अनुगमन, निरिक्षण पश्चात पुग ⁄ नपुग सामाग्रीहरु तथा अन्य व्यवस्थाको लागि पृष्ठपोषण लिने र यदि नपुग भएमा सरोकारबाला निकायहरुमा खवर तथा माग गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार चाडो भन्दा चाडो |

### ३.१.४ सूचना तथा समन्वय पूर्व तयारी योजना :

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | सबै क्लष्टरहरुको बैठक बसी सम्वन्धित विषयमा छलफल गर्ने र सम्पर्क व्यक्ति तोक्ने । | जिल्ला विपद व्यवस्थापन समिति | फागुन महिना भित्र |
| २ | स्थानिय तहको विपद्व्यवस्थापन समितिहरुको संग सम्पर्क समन्वय | जिल्ला विपद व्यवस्थापन समिति | फागुन - बैसाख |
| ३ | स्थानीय स्तरका समिति र संघ/संस्थाहरुलाई एक दिने अन्तरक्रिया सहित सचेतना तालिम, पर्चा, पोष्टर र पम्प्लेट सहित । | जिल्ला विपद व्यवस्थापन समिति स्थानिय विपद व्यवस्थापन समितिहरु | फागुन - बैसाख |
| ४. | संभावित स्थानिय तहका मा हरेका समिति लाई एक टेलिफोन सेट, एक मोवाइल एवं संचार साधनको व्यवस्था गर्ने । | १० वटै स्थानिय तहहरु | फागुन - जेठ |
| ५ | सबै क्लष्टर संस्थाहरुले आ-आफना जिम्मेवारी अनुसारका सामाग्री/साधन स्रोतहरु जुटाएको बारे जानकारी लिने/ दिने । | जिल्ला विपद व्यवस्थापन समिति, सम्वन्धित सरोकारवाला संस्था/ निकाय, पत्रकार | जेठ भित्र |
| ६ | सम्पूर्ण योजनाको अनुगमन, समिक्षा, निरिक्षण एवं मूल्यांकन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स. | जेठ भित्र |
| ७ | जोखिमताको समय अनुशार स्थानिय एफ. एम. रेडियो बाट सुचना तथा सन्देशहरु प्रचार प्रशार गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, जिसस तथा स्थानिय तह | |
| ९ | अधिकतम जोखिमता भएको ठांउमा सडक नाटक प्रदर्शन गर्ने | स्थानिय तह, संघ संथा | |

### ३.१.५ कार्यक्रम (सूचना तथा समन्वय)

| क्र. स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय |
|---|---|---|
| १ | सबै सेक्टरमा/क्लष्टरहरुको बैठक बसी सम्बन्धित विषयमा छलफल गर्ने र सम्पर्क ब्यक्ति तोक्ने । | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स., पत्रकार महासंघ |
| २ | सबै गापा/नपाहरुमा सूचना समन्वय समिति गठन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति |
| ३ | स्थानीय स्तरका विपद व्यवस्थापन समिति र संघ/संस्थाहरुलाई एक दिने अन्तरक्रिया सहित सचेतना तालिम, पर्चा, पोष्टर र पम्प्लेट सहित । | जिल्ला विपद व्यवस्थापन समिति स्थानिय विपद व्यवस्थापन समिति |
| ४ | सबै क्लष्टर संस्थाहरुले आफनो जिम्मेवारी अनुसारका सामाग्री साधन स्रोतहरु जुटाएको बारे जानकारी लिने/दिने । | जिल्ला विपद व्यवस्थापन समिति, सम्वन्धित सरोकारवाला संस्था/ निकाय, पत्रकार |
| ५ | जिसस भित्रको सूचना केन्द्रलाई स्थानीय स्तरसम्म समन्वय गर्न साधन स्रोत सम्पन्न गराई सक्रिय पार्न आवश्यक व्यवस्था गर्ने । टोल फ्रि टेलिफोन, डिजिट क्यामरा, भिडियो क्यामरा, मोटरसाईकल, फोटो कपी र फयाक्स, प्रिन्टर) | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स. |
| ६. | सम्पूर्ण योजनाको अनुगमन, समिक्षा, निरिक्षण एवं मूल्यांकन र प्रतिवेदन । | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स. |
| | जम्मा | |

## ३.२ खोजी तथा उद्धार (Search and Rescue)

### क) विपद पछिको अनुमानित परिदृश्य

कपिलवस्तु जिल्लाको बाणगंगा, सुराई, महलीसागर बाध, बेल, चिराई आदि ठूला साना नदिहरुको कटान, पटान तथा डुवानमा परी बर्षेनी मानिसहरुको मृत्यु, चोटपटक, घाइते, बेपत्ता, बस्तुभाउ, सम्पत्ति तथा खेतिपाती /जग्गा जमीनको नोक्सानी हुने ।

### ख) उद्देश्य

- विपद प्रभावित व्यक्तिहरुलाइ उद्धार गरी सहज तरिकाले सुरक्षित स्थान सम्म पुर्‍याउनु ।

### ग) मानवीय सहयोगका मापदण्डहरु

- समन्वय बैठक आवश्यकता अनुसार बस्ने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- जोखिममा परेका समुह तथा समुदायलाई न्यायोचित रूपमा उद्धार र राहत सामग्रीको वितरण तथा सहयोग गर्ने।
- आवश्यकताको आधारमा रहेर– बहु क्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) टीम परिचालन गर्ने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन तयार गर्ने ।
- यथासिध्र घटनाको बिबरण सचार माध्यममा पठाउने ।
- समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने, प्रतिवेदन तयार गरि सबैलाई जानकारी गराउने

## ३.२.१ विद्यमान श्रोत तथा क्षमता

| क्र.सं. | कार्यालय/ संस्था | मानवीय श्रोत | मौज्दात उद्दार सामग्री |
|---|---|---|---|
| १ | जिल्ला विपद व्यवस्थापन समिति | क्लष्टर समन्वयकर्ताहरु | सवारी साधन, इन्धन |
| २ | नेपाली सेना | ११०-१२० जना | लाइफ ज्याकेट १०, पिक्स बोट, गैंची, वेल्चा, डोरी |
| ३ | जिल्ला प्रहरी कार्यालय | १५० जना | लाइफ ज्याकेट १७, हेल्मेट २३, बल्टीन १२, गैंती ३४, टियूब ३०, कूदालो ३०, स्टेचर ३०, गल १९, फस्टेड बाक्स ५, बेल्चा ५, डोरी २१, गाडी |
| ४ | सशस्त्र प्रहरी बल नेपाल (नं. २८ गण १ का, क.ब.) | ४० जना | लाइफ ज्याकेट ३०, हेल्मेट २०, बल्टीन २, गैंती ५, टियूब २, कूदालो ५, रबर लेक १, गबन १०, पम्प १, रौप ७ रोल, पैडल ६, आरा १, बन्चरो १, त्रिपाल १, पन्जा २०, गल १, शव बैग १, हसिया ५, फस्टेड बाक्स १, बेल्चा ५, गाडी १ |
| ५ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) | क्लष्टर समन्वयकर्ताहरु | रिचार्ज लेबल सर्च लाईट ७, लाइफ ज्याकेट ४५, क्यारोबिना १९, फूलबार्ड सर्बिस ३, नाश्लन रौप ८०० मि., लाईफ डायरिंग ६, रुफ हुक २, उड कटर १, हेल्मेट ११, रिस्क्यू रौप ३०० मि., पन्जा १६, स्टेचर ७, मेगाफोन ३ |
| ६ | कपिलवस्तु न.पा | समिति गठन भएको | |
| ७ | बुद्धभुमि न.पा. | ९ जनाको समिति गठन भएको | बेल्चा, गैंती, डोरी आदि सामग्री, कोष व्यवस्थापन |
| ८ | वाणगङ्गा न.पा | ५ जनाको समिति गठन भएको | बेल्चा, गैंती, डोरी आदि सामग्री, २० लाख रुपैयाको कोष व्यवस्थापन |
| ९ | महाराजगंज न.पा. | २१ जनाको समिति गठन भएको | लाईफ जेकेट, बेल्चा, गैंती, डोरी आदि सामग्री |
| १० | शिबराज न.पा. | समिति गठन भएको | |

| | | | |
|---|---|---|---|
| ११ | यशोधरा गा.पा. | १३ जनाको समिति गठन भएको | बजेट विनियोजन भएको |
| १२ | कृष्णनगर न.पा. | समिति गठन भएको | |
| १३ | मायादेवी गा.पा. | समिति गठन भएको | |
| १४ | सुध्दोधन गा.पा. | समिति गठन भएको | |
| १५ | बिजयनगर गा.पा. | ७ जनाको समिति गठन भएको | लाईफ जेकेट, फायर एक्टेन्सन, बेल्चा, गैंती, डोरी आदि सामग्री तथा खाद्य सामग्री |
| १६ | नेपाल रेडक्रस सोसाइटी | ४ जना कर्मचारी, १६ जना कार्य समिति | गैर खाद्य सामग्री |
| १७ | दलित सामाजिक बिकाश केन्द्र | ३ वटा बिद्यालय र ३ ओटा स्थानिय बिपद व्यवस्थापन समिति | स्ट्रेचर, ७ ओटा, लाईफ ज्याकेट ४ ओटा, आगो निभाउने उपकरण ६ ओटा, बेल्चा, गैंची, कादालो, प्राथमिक उपचार बक्स आदि |

## ३.२.२ बिपद पश्चात गरिने गतिविधि (खोजी तथा उद्धार)

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | सूचना संकलन : प्रहरी, स्थानीय जनता, संघ/संस्था | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, ससस्त्र प्रहरी, नागरिक समाज, पत्रकार / पत्रकार महासंघ, ईन्द्रेणी, रेडक्रस, गैसस र गैसस महासंघ | तुरुन्त गर्ने |
| २ | आकस्मिक बैठक | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, ससस्त्र प्रहरी, नागरिक समाज, पत्रकार, ईन्द्रेणी, रेडक्रस, गैसस र गैसस महासंघ | सूचना प्राप्त हुना साथ |
| ३ | उद्धार सामाग्री लिने प्राथमिक उपचार सहित प्याकेजमा तयार भएको सामाग्री) | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, ससस्त्र प्रहरी, नागरिक समाज, पत्रकार, ईन्द्रेणी, रेडक्रस, गैसस र गैसस महासंघ | बैठक सकिए तुरुन्तै |
| ४ | जोखिममा परेका व्यक्तिहरुलाई उद्धार गर्ने । | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय, ससस्त्र प्रहरी, नागरिक समाज, पत्रकार, ईन्द्रेणी, रेडक्रस, गैसस र गैसस महासंघ | छिटो भन्दा छिटो आश्रय स्थलमा ल्याउने । |

## ३.२.३. आपातकालिन खोज तथा उद्धार पूर्व तयारी योजना :

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | संभावित जोखिम हुने क्षेत्र पत्तालगाउन बैठक बस्ने । | जि.बि.व्य.स. | बैशाख १५ भित्र |
| २ | संभावित जोखिम हुने क्षेत्रमा गई स्थानीय संघ/संस्था सरकारी निकाय, समाजसेवी, बुद्धिजीवी राखी पूर्वतयारी संम्बन्धि अन्तर क्रिया गोष्ठी गर्ने । | जि.बि.व्य.स.,प्रकोपमा काम गर्ने संघ संस्था र सरकारी कार्यालय । | बैशाख २५ भित्र |
| ३ | जोखिम क्षेत्रको उद्धारका लागि प्रशिक्षण दिने । | जि.वि.व्य.स.,प्रकोपमा काम गर्ने संघ संस्था र सरकारी कार्यालय । | जेठको पहिलो हप्ता |

| | | | |
|---|---|---|---|
| ४. | उद्धार सामाग्रीहरुको सूची तयार गरी खरिद गर्ने । | क्लष्टर सदस्य, नेपाली सेना, जनपद र सशस्त्र | जेठ १५ भित्र |
| ५ | उद्धार सामाग्री प्राप्ती, खरिद तथा भण्डारण गर्ने । | क्लष्टर सदस्य, नेपाली सेना, जनपद र सशस्त्र | असाढ २० भित्र |
| ६ | आवश्यक सामाग्रीहरुको बिवरण :_<br>लाईफ ज्याकेट : १००<br>डोरी : १०० ह १३०० मिटर<br>टर्च : १०० वटा<br>स्ट्रेचर : २५ वटा<br>हेल्मेट : १०० वटा | कोदालो : ५० वटा<br>बेल्चा : ५०<br>प्राथमिक उपचार बाकस : १५ वटा<br>टयूब : २० वटा<br>डुंगा : ५ वटा | |
| | ट्रक, एम्बुलेन्स, सवारी साधन संझोता गर्ने | | |
| | ईन्धन | | |

## ३.२.४ खोजी तथा उद्धारको कार्य:

## ३.३ आवास तथा गैर खाद्य सामग्री (Shelter &Non-FoodItems)

### क) विपद पछिको अनुमानित परिदृश्य

- विपदका कारण उत्पन्न जोखिमयुक्त परिस्थितिका कारण आफ्नो र परिवारको जिऊ ज्यान जोगाई सुरक्षित ठाउंमा पुगेका विपद प्रभावित परिवारहरुलाई दैनिकी चलाउनका लागि न्युनतम आवास, लत्ताकपडा, खाना पकाउने भांडा आदिको आवश्यकता भएको अवस्था ।
- यसरी बिषम तथा जोखिमयुक्त परिस्थितिमा सवै जनसंख्याको साथै उमेर तथा लैगिंक आधारमा बिशेष प्रकारको स्याहार आवश्यकता पर्ने जनसंख्या (गर्भवती, सुत्केरी, बाल बच्चाहरु, बृद्ध बृद्धा एवं अपांगता भएका व्यक्तिहरु) लाई गैर खाद्य सामाग्रीहरुको तत्काल आवश्यकता पर्नेछ । जसको सयममा प्रतिकार्य गर्न नसकेको अवस्थामा विविध शारिरिक एवं रोगको संक्रमणको प्रवल सम्भावना ।
- सामुदायिक स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा विद्यालयहरु प्रभावित हुने भएकोले वैकल्पिक आवास व्यवस्था गर्न पर्ने आवश्यकता

### (ख) उद्देश्य

- आवास : सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यक( ताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बाहिरी भन्दा आफैं
- व्यवस्थापन (self-management) लाई समावेश गरिने ।
  शिविर समन्वय तथा शिविर व्यवस्थापन: प्राकृतिक विपदकाकारणले घरबारविहीन बनेका मानिसहहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त शिविरहरूको रहनसहन/जीवन स्तरमा सुधार ल्याउने ।
- विपदबाट प्रभावित व्यत्तिहरुलाई उनीहरुको आत्म सम्मान, सामाजिक मर्यादा संरक्षण गर्न र उत्पन्न प्रतिकुल परिस्थितिबाट हुन सक्ने सम्भावित मानविय क्षति हुन नदिनका लागि आवश्यक आवास तथा गैर खाद्य सामाग्रीमा समान पहुंच पुर्याउने ।

### ग) मानवीय सहयोग सम्बन्धी मापदण्ड

- औसतमा एक व्यक्तिका लागि ३.५-४.५ बर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध हुनु पर्छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री आवश्यक हुन्छ ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा एक सेट कपडा ।

- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एकसेट कपडा । यसका अतिरिक्त, महिला तथा
- केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीहरुको आपुर्ति ।
- प्रत्येक परिवारसंग एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र बहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान ।
- SPHERE को मापदण्ड अनुसार)।

**घ) प्रमुख कृयाकलापहरु:**

- उपलब्ध सार्वजनिक स्थलहरुमा अस्थायी आवाशको व्यवस्था गर्ने ।
- प्रतिकुल बाताबरणिय प्रभावबाट बचाउनका लागि र आत्म सम्मान र मर्यादा जोगाउनका लागि गैरखाद्य सामाग्री उपलब्ध गराउने ।
- संभावित रोगहरुबाट सुरक्षा दिन मौसम अनुसारको उपयुक्त गैर खाद्य सामाग्री उपलब्ध गराउने ।
- प्रजननयोग्य उमेरका र गर्भबती महिलाहरुको लागि परिस्थिति र आवश्यकताको आधारमा विशिष्ट थप सामाग्री उपलब्ध गराउने ।
- तिन बर्ष मुनिका बालबालिकाहरु तथा जेष्ठ नागरिकहरुलाई उमेर र बाताबरण सुहाउदा गैरखाद्य सामाग्रीहरु उपलब्ध गराउने ।

### ३.३.१ सम्भाव्य सुरक्षित स्थानहरुको पहिचान :

संभावित विपदबाट पीडित हुन सक्ने गाँउ तथा नगरपालिकामा भएका सुरक्षित आश्रय स्थलहरु तय गर्नको लागि सम्वन्धित स्थानीय विपद व्यवस्थापनसमितिहरुले आ-आफ्नो गापा तथा नपामा रहेका त्यस्ता स्थलको पहिचान र सुचीकरण गरी जिल्ला विपद व्यवस्थापन समितिलाई उपलब्ध गराउने छन ।

### ३.३.२. विपद पश्चात गरिने सहयोग कार्य योजना (Response Plan)

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | समन्वय बैठक | रेडक्रस, सम्वन्धित व्यवस्थापन समिति, स्थानीय निकाय, संघ/संस्था, जि.प्र.उ.स., नेपाल प्रहरी, नेपाली सेना, स.प्र.वल | सूचना पछि तुरुन्तै (एक घण्टा भित्र) |
| २ | परिस्थितीको लेखाजोखा, कार्यदल गठन, कार्य योजना निर्माण | रेडक्रस, सम्वन्धित व्यवस्थापन समिति, स्थानीय निकाय, संघ/संस्था, जि.प्र.उ.स., नेपाल प्रहरी, नेपाली सेना, स.प्र.वल | सूचना पछि तुरुन्तै (३ घण्टा भित्र) |
| ३ | सुरक्षित स्थलको पहिचान र समन्वय | जि.वि.व्य समिति | २४ घण्टा भित्र |
| ४. | सेल्टर निर्माण (सार्वजनिक भवन, सुख्खा जग्गा आदि ठाउमा) | जिविव्य समिति | २४ घण्टा भित्र |
| ५ | स्वास्थ्य, सुरक्षा, खाद्य पदार्थ, बन्दो बस्तीको लागि अन्य क्लष्टरसंगको सम्पर्क, समन्वय सहयोग आदान प्रदान | जिविव्य समिति, गा.पा तथा न.पाहरु | २४ घण्टा भित्र |
| ६ | खानेपानी सरसफाईको व्यवस्था सहित सेल्टर व्यवस्थापन तथा निर्माण सामाग्रीको व्यवस्था (बास, डोरी, कोदालो, बन्चरो, हसिया आदि) | नेरेसो तथा क्लष्टर सदस्यहरु | २ दिन भित्र |
| ७ | रेस्कयू टिमसंग संचार समन्वय गरी आकस्मिक बसोवास गराउने संख्या एकीन गर्ने । | नेरेसो तथा क्लष्टर सदस्यहरु | २ दिन भित्र |

| | | | |
|---|---|---|---|
| ८ | शिवीर स्थापना गरी उमेर, लिंग, धार्मिक आस्था र अशक्तताको आधार मा वर्गीकरण गरी बसोबास गराउने संख्या एकीन गर्ने । | नेरेसो तथा क्लष्टर सदस्यहरु | २ दिन भित्र |
| ९ | संख्या एकीन भए पछि परिचय पत्र वितरणमा सहयोग गर्ने । | जि.वि.व्य.स. | यथासिध्र |
| १० | किट, चटाई, भाडाकुडा, कपडा, चुल्हो दाउरा जस्ता गैह्र खाद्य सामाग्रीको व्यवस्था । | नेरेसो तथा क्लष्टर सदस्यहरु | यथासिध्र |
| ११ | स्थास्थ्य, चेतनामूलक शिक्षा, सुरक्षा, सरसफाई जस्ता विषयमा विभिन्न निकायसंगसमन्वय गरी मानवीय सेवा पुरयाउने । निकायसंग समन्वय गरी मानवीय सेवा पुरयाउने । | क्लष्टर सदस्यहरु | यथासिध्र |
| १२ | वितरित सामाग्रीको अभिलेख राख्ने व्यवस्था मिलाउने । | नेरेसो तथा क्लष्टर सदस्यहरु | वितरत संग संगै |
| १३ | प्रत्येक सेल्टरमा स्वास्थ्य शिवीर, खाद्य भण्डार र भान्साको लागि छुट्टै पालको व्यवस्था । | नेरेसो तथा क्लष्टर सदस्यहरु | आवश्यकता अनुसार |
| १४. | कार्य प्रकृति बमोजिम मानवीय स्रोतको व्यवस्था | नेरेसो तथा क्लष्टर सदस्यहरु | |
| १५. | अस्थायी वसोवास क्षेत्रको नियमित निरिक्षण अनुगमन तथा पृष्ठपोषण | नेरेसो तथा क्लष्टर सदस्यहरु | |
| १६. | समिक्षा, मूल्यांकन र प्रतिवेदन दिने | नेरेसो तथा क्लष्टर सदस्यहरु | आवश्यकता अनुसार |
| १७ | अस्थायी वास हटेपछि सेल्टर रहेको स्थानको सरसफाई र पुर्नस्थापन गर्ने । | नेरेसो तथा क्लष्टर सदस्यहरु | शिविर खाली भए पश्चात |

### ३.३.३. आकस्मीक बसोवास व्यवस्थाको पूर्व तयारी योजना :

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | ● समन्वय बैठक<br>● संभावित क्षेत्र र निकायको पहिचान<br>● प्रभावित क्षेत्रको पहिचान र नक्सांकन<br>● संभावित प्रभाव क्षेत्रमा समिति तथा कार्यदल गठन ।<br>● सूचना प्रवाहका लागि नेटवर्क स्थापना फोन सम्पर्क) | जि.वि.व्य.स., रेडक्रस, सम्वन्धित व्यवस्थापन समिति, स्थानीय निकाय, संघ/ संस्था, नेपाली सेना, नेपाल प्रहरी, स.प्र.बल | बैशाख पहिलो हप्ता |
| २ | ● सुरक्षित आकस्मिक बसोबास स्थान र<br>● जोखिम स्थानको पहिचान ।<br>● स्रोत तथा जोखिम नक्सा तयार गर्ने । | जि.वि.व्य.स., रेडक्रस, सम्वन्धित व्यवस्थापन समिति, स्थानीय निकाय, संघ/ संस्था, नेपाली सेना, नेपाल प्रहरी, स.प्र.बल | बैशाख दोस्रो हप्ता |

| | | | |
|---|---|---|---|
| ३ | दोस्रो बैठक :<br>● संभावित प्रभावित संख्याको अनुमान र वर्गीकरण ।<br>● आवश्यक बन्दोवस्तीका सामाग्रीको पहिचान गरी विवरण (Roster) तयार गरी राख्ने ।<br>● सामाग्री उपलब्ध गराउन सक्ने आपूर्ति कर्ताको पहिचान र सम्पर्क स्थापना<br>● संभावित आकस्मिक वसोवास योग्य स्थानको प्रयोगको लागि सहमति स्थापना । | क्लस्टर सदस्यहरु | बैशाख तेस्रो हप्ता |
| ४. | मानवीय स्रोत विकास :<br>सुरक्षा निकाय, सामाजिक संघ संस्था र संभावित प्रभावित क्षेत्रका समिति र | जिविव्यस समिति | बैशाख मसान्त |
| ४.१ | कार्यदलहरुलाई सेल्टर निर्माण, सरसफाई, जिन्सी व्यवस्थापन, सुरक्षा सम्वन्धि अनुशिक्षण दिने । | | |
| ५ | अभिलेख व्यवस्थापनको लागि निम्न विषयको ढाचा निर्माण :<br>● प्रभावित व्यक्तिहरुको विवरण<br>● वितरण गर्ने सामाग्रीहरुको विवरण<br>● परिचय पत्र र प्रतिवेदनको ढाचा निर्माण । | जिविव्यस समिति | जेष्ठ पहिलो हप्ता |
| ६ | ● आवश्यक बन्दोवस्तीका सामान प्राप्ती, खरिद र भण्डारण गर्ने ।<br>● भण्डार गरीएका सामानको लागत राखने । | जिविव्यस समिति | जेष्ठ दोसो हप्ता |
| ७ | सामाग्री व्यवस्थापन योजना तथा वितरण आचार सहिता निर्माण गर्ने । | क्लस्टर सदस्यहरु | जेष्ठ दोसो हप्ता |
| ८ | शिवीर व्यवस्थापन तथा समन्वय समितिको संरचनागत जिम्मेवारी बाडफाड | क्लस्टर सदस्यहरु | जेष्ठ तेसो हप्ता |
| ९ | पूर्व तयारी कार्यको समिक्षा र मूल्यांकन | क्लस्टर सदस्यहरु | जेष्ठ मसान्त |

## ३.४ स्वास्थ्य तथा पोषण (Health and Nutrition)

### क. विपद पछिको अनुमानित परिदृश्य :

- शारिरिक चोट पटक
- सरुवा रोगहरुको संक्रमण (झाडा पखाला, मलेरिया, टाईफाईड, जन्डिस, छाला तथा आखा पाक्ने रोग आदि)
- स्वास्थ्य संस्थाको संरचना नष्ट हुनु र स्वास्थ्य संस्था समुदायको पहुचबाट टाढा हुनु ।
- स्वास्थ्य संस्थामा भएको औषधि तथा सर सामाग्री नष्ट हुनु ।
- खाद्य तथा पोषणयुक्त खानाको अभाव, वातावरणीय तथा व्यक्तिगत सरसफाईको आभावका कारण सरुवा रोगहरुमा बृद्धिले कुपोषण, स्वाश प्रश्वास जस्ता समस्या देखिनु ।
- गर्भवती तथा दुध खुवाउने महिलाहरु संक्रमण तथा कुपोषणबाट बढी प्रभावित हुने ।

**ख) उद्देश्य :**

- आपतकालनि अवस्थामा जोखिममा परेका मानव जीवनको सुरक्षा तथा कल्याण खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य पोषण सम्बन्धी आवश्यकताहरु पुरा गराउनु ।

**ग) मानवीय सहयोगका मापदण्डहरु**

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्यसम्बन्धी निगरानी शुरु गर्नु पर्ने ।
- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट गर्ने ।
- स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिरामीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (Referral centres) मा पठाई आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिने ।
- सिफारिश गरी पठाइने अन्य केन्द्रहरू(Referral centres)मा केन्द्रहरुमा पुग्नका निमित्त बिरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिने ।

**घ) प्रमुख कार्यहरु :**

- स्वास्थ्य उपचारको राम्रो व्यवस्था ।
- आपतकालिन अवस्थामा प्रजनन् स्वास्थ्य सेवाकालागि न्युनतम प्रारम्भिक सेवा सामग्री (Minimum Initial Service Package (MISP) for reproductive health
- विशेष स्याहार (गर्भबती महिला, स्तनपान गराउने महिलाहरु, नवजात शिशुहरु, ५ बर्ष मुनीका वालवालिकाहरु तथा बृद्धबृद्धाहरु ।
- खोप सेवाको उचित व्यवस्था ।
- कुपोषण उपचार तथा रोकथाम ।
- स्वास्थ्य तथा सरसफाईको बारेमा शिक्षा ।
- मनोसामाजिक परामर्श सेवाको व्यवस्था :
- एम्बुलेन्स सेवाको व्यवस्था ।

### ३.४.१ विद्यमान श्रोत तथा क्षमताकोसूची

| क्र.सं. | साझेदारको नाम | औषधी, स्वास्थ्य सामग्री | जनशक्ति | सवारी साधन | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला स्वास्थ्य कार्यालय | आपतकालिन प्रयोजनको लागि विभिन्न औषधिहरु भण्डार । | अस्पताल ३, प्रा.स्वा.के.२, हे.पो. ७३, तथा १२०० म.स्व.से. | मोटरसाइकल २ | |
| २ | युएनएफपिए | क्षेत्रीय कार्यालय बुटवलमा Dignity Kits, RH Kit, Rape Kit, Kishori Kit Clean, delivery kits रहेको । | १ संयोजक | मोटरसाईकल १ | |
| ३ | युनिसेफ | Helath and Hygient Kit ORT Packet, First Aid Kit | संयोजक १ | मोटरसाइकल १ | |
| ४ | नेपाल परिवार नियोजन संघ | | स्टाफ नर्स १, अहेब २, युबा स्वयंसेबक ८ ल्याब असिसटेन्ट १ जना | – | |
| ५ | आई.एन.एफ. | औषधी तथा सामग्री | सामाजिक परिचालन ५ | गाडी १ | |
| ६ | मेरी स्टोप सेन्टर | तौलिहवा र चन्द्रौटा | नर्स २ | एम्बुलेन्स १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | यू.एम.एन. | तौलिहवा | | गाडी १<br>मोटरसाइकल ३ | |
| ८ | दलित सामाजिक बिकाश केन्द्र | तौलिहवा | | मोटरसाइकल ३ | |

## ९ एम्बुलेन्स

| क्रसं | नाम | सम्पर्क नं. |
|---|---|---|
| १ | जिल्ला अस्पताल तौलिहवा | ९८५७०५१६०३ |
| २ | तौलिहवा उद्योग बाणिज्य संघ | ९८५७०५४०५४ |
| ३ | आंखा अस्पताल, तौलिहवा | ९८४७४१०९६७ |
| ४ | मेरी स्टोभ सेन्टर तौलिहवा | ९८५१२२१२७२ |
| ५ | दिगो युवा क्लब हर्नामपुर | ९८५७०५१२२२ |
| ६ | सेफर हेल्थ केयर सेन्टर पकडी | ९८४७०६२८८२ |
| ७ | महाराजगंज स्वास्थ्य चौकी | ९८१७५०६००० |
| ८ | राजपुर स्वास्थ्य चौकि, हरिहरपुर | ९८०५४४८७८० |
| ९ | सिसवा स्वस्थ्य चौकि, शान्तिनगर | ९८१८०३६६१९ |
| १० | ने.रे.सो. बांणगंगा, गजेडा | ९८४७०३३०५३ |
| ११ | कपिलबस्तु जेशिश, बांणगंगा जितपुर | ९८५७०५००२२ |
| १२ | पिपरा अस्पताल, पिपरा | ९८५७०३७७७२ |
| १३ | शान्ति सृजना युवा क्लब, बनगाई, बांणगंगा | ९८५७०३६४९८ |
| १४ | शिवराज अस्पताल, बहादुरगंज | ९८६७३९९०९० |
| १५ | सगरमाथा वेलफेयर सोसाईटि चन्द्रैटा | ९८४७५२२३०० |
| १६ | ने.रे.सो. जिल्ला शाखा तौलिहवा | ०७६५६००१५, |
| १७ | गजेहडा भू.पू. सैनिक | ०७६६९१६१४, ९७४७०४२००१ |
| १८ | बनगाई संस्थाबाट संचालित | ०७६६९०१०२, ९७४७०१७१३३ |
| १९ | कृष्णनगर नेपाल भारत मैत्री संघ | ९८४७०४२५३४ |
| २० | यशोधरा गा पा | ९८१७४३५४५० |
| २१ | दियालो नेपाल | ९८५७०५०२८८ |
| २२ | बांणगंगा यातायत व्यवसाय सघ | ९८५७०२०१९१ |
| २३ | सि एम सि जितपुर ४ न. | ०७६५५०३१८ |
| २४ | बांणगंगा यातायत ट्रक समिति | ९८५७०५४२५५ |

### ३.४.२ विपद पश्चात सम्पन्न गरिने क्रियाकलाप :

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्थाहरुको आकस्मिक बैठक गरी सूचनालाई अध्याबधिक गर्ने । | जिल्ला स्वास्थ्य कार्यालय | २४ घण्टा, तुरुन्तै |
| २ | प्रभावित क्षेत्रको भ्रमण गरी (अन्य क्षेत्र सहित) सूचना संकलन तथा लेखाजोखा गर्ने (स्वास्थ्य तथा पोषण सम्वन्धि) | जिल्ला विपद व्यवस्थापन समिति, जि.स्वा.का. | ३ दिन भित्र |
| ३ | परिस्थितीको प्रतिवेदन तैयार गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, जि.स्वा.का. | सूचना संकलन गर्ने वित्तिकै |
| ४. | औषधि तथा उपकरण सहित RRT टोलीलाई सम्वन्धित क्षेत्रमा परिचालन गरी आवश्यक मानवीय स्वास्थ्य तथा पोषण सेवा उपलब्ध गराउने । | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | तत्काल, २४ घण्टा पछि शुरु गर्ने । |
| ५ | गर्भबती जाच तथा परामर्श सेवा, सुत्केरी सेवा, खोप सेवा, स्वास्थ्य शिक्षा, प्रजनन् स्वास्थ्य सेवा MISP, स्तनपान सम्वन्धि सेवा, शिशु तथा बालबालिकाको खाना सम्वन्धि परामर्श, | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | ५ दिन भित्र |
| ६ | शूक्ष्म पौष्टिक तत्व वितरण सम्वन्धि सेवा, | | |
| ७ | घाईतेहरुको चोटपटकको उपचार | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | तत्काल |
| ८ | खाद्य समूहसंग समन्वय गरी गर्भवती, सुत्केरी तथा स्तनपान गराउने महिलाहरु तथा ५ बर्ष मुनीका बालबालिकाहरु, बृद्धबृद्धा, HIV संक्रमित को लागि विशेष पोषिलो खानाको व्यवस्था मिलाउने । | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | २४ घण्टा भित्र |
| ९ | मनोसामाजिक परामर्शको व्य( वस्था गर्ने, GBV Screening, Treatment र Refer सेवा उपलब्ध गराउने, एम्बुलेन्स | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | २ दिन भित्र |
| १० | HIV/AIDS बाट सुरक्षित हुने उपाय बारे परामर्श तथा सामाग्री वितरण गर्ने । | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | २ दिन भित्र |
| ११ | दैनिक सूचना संकलन, समिक्षा तथा प्रतिवेदन तयार गर्ने | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | साप्ताहिक |
| १२ | जि.वि.व्य.स. संग नियमित समन्वय गर्ने। | जि.स्वा.का. र क्लस्टर सदस्यहरु | नियमित |

### ३.४.३ पूर्व तयारी योजना (Preparedness Plan)

| क्र.स. | प्रमुख कार्यहरु | बजेट | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|---|
| १ | समन्वय वैठक बस्ने (क्षेत्रगत र अन्तरक्षेत्रगत) | | जिल्ला स्वास्थ्य कार्यालय | प्रत्येक महिना |
| २. | जोखिममा पर्न सक्ने परिवारको लगत लिने । | | जिल्ला विपद व्यवस्थापन समिति, जि.स्वा.का. | जेष्ठ मसान्त |
| ३ | प्रभावित हुन सक्ने क्षेत्रको क्षमता तथा सामाग्रीको विवरण । | | जिल्ला विपद व्यवस्थापन समिति, जि.स्वा.का. | जेष्ठ मसान्त |
| ४ | मानवीय श्रोत व्यवस्थापन तथा क्षमता विकास RRT पहिचान र गठन RRT को अभिमुखिकरण तथा तालिम ५ दिन RH In Emergency (MISP) तालिम प्रत्येक RRT को क्षेत्र निर्धारण र जिम्मेवारी बाडफाड | | DHO र Cluser का सदस्यहरु | अषाढ १५ सम्मा |
| ५ | सामाग्री तथा औषधिको पहिचान र व्यवस्थापन ARI, STI, | | WASH संग समन्वय गरेर | जेष्ठ मसान्त |
| ६ | अत्यावश्यक औषधिहरु जीवनजल, नर्मल स्लाईन, मेट्रो निडाजोल, डक्सीसाईक्लीन, सिप्रो, आखा पाक्ने रोग रोकथाम र उपचारका लागि औषधि, तजेन्सोन भाईलिन, कालामाईसन लोशन, पारासिटामोल, अल्वेन्डाजोल, अन्य आकस्मिक सेवामा प्रयोग हुने औषधिहरु । | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| ७ | शुक्ष्म पौष्टिक तत्व पाईने औषधिहरु आईरन चक्की, भिटामिन ए क्याप्सुल र मल्टीभिटामिन चक्की । | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| ८ | सामाग्री तथा उपकरणहरु : अत्यावश्यक उपकरण तथा औजारहरु । | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| ९ | भ्याक्सीन र सोको लागि चाहिने उपकरणहरु | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| १०. | सुत्केरीसेवाको लागि चाहिने औषधि तथा उपकरणहरु | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| ११. | स्वास्थ्य शिक्षाको लागि IEC सामाग्रीहरु (झाडा पखाला, मलेरिया, व्यक्तिगत तथा वातावरणीय सरसफाई HIV/AIDS प्रजनन् स्वास्थ्य | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| १२. | स्तनपान IYCF पोषण शुक्ष्म पौष्टिक तत्व | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| १३. | RRT को लागि प्राथमिक उपचार कीट व्यवस्थापन | | DHO र Cluser का सदस्यहरु | जेष्ठ मसान्त |
| १४. | पोषण सम्वन्धि सामाग्री व्यवस्थापन तथा क्षमता विकास<br>● IFE तथा SFP सम्वन्धि मानवीय स्रोत व्यवस्थापन तथा क्षमता विकास गर्ने।<br>● SFP को लागि सर्वोत्तम पीठो (UNIMAX) को व्यवस्थापन गर्ने ।<br>● SFP को केन्द्र पहिचान तथा सामाग्री भण्डारण ।<br>● SFP को लागि सामाग्री व्यवस्थापन गर्न खाद्य क्षेत्रसंग समन्वय गर्ने । | | DHO र Cluser का सदस्यहरु | जेष्ठ तेस्रो हप्ता |
| १५. | एम्वुलेन्स व्यवस्थापन | | DHO र Cluser का सदस्यहरु | आवश्यकता अनुसार |
| १६. | अनुगमन प्रतिवेदन | | DHO | नियमित |

## ३.५. शिक्षा (Education)

### (क) विपद पछिको परिवेश
- विद्यार्थिहरु विस्थापित भई विद्यालय जानवाट वञ्चित हुने ।
- पाठ्य पुस्तक र स्टेशनरी आदिको नष्ट हुने ।
- विद्यालय भवन नष्ट हुने र शिक्षकहरु समेत विस्थापित हुने ।

### ख) मुख्य उदेश्य:
- ३ देखि १८ बर्ष उमेर समूहका आकस्मिक रुपमा विपदमा परेका बालबालिकाहरुलाई शैक्षिक व्यवस्थापन गर्ने ।

### ग) मानवीय सहयोगका मापदण्डहरु:
- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्वन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment)सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्तत : पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुन: खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semistructured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुन:एकीकरण प्रारम्भ गर्ने ।
- विद्यालयबाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि बैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### घ) लक्षित जनसंख्या
- विद्यार्थीहरु

### ३.५.१ विद्यमान श्रोत तथा क्षमताको सूची

| क्र.सं. | साझेदारको नाम | शैक्षिक सामग्री | जनशक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | जि.शि.ई. | पाठय सामाग्रीहरु | शिक्षक तथा स्रोत व्यक्तिहरु, जिशिकाका कर्मचारीहरु, शिक्षक पेशागत संगठनका प्रमुखहरु | |
| २ | युनिसेफ | Education Kits | विषयगत विज्ञ | |
| ३ | यू.एम.एन. | अस्थाई सिकाई केन्द्र, सिकाई सामाग्रीहरु शिक्षकहरुलाई विपत सम्वन्धि अभिमुखिकरण | विषयगत विज्ञ कर्मचारी तथा स्वयंसेवकहरु | |
| ४ | सेभ द चिल्ड्रेन | सिकाई सामाग्रीहरु तथा वित्तिय स्रोत | कर्मचारी तथा साझेदार संस्था | |
| ५ | सनसाइन | अस्थाई सिकाई केन्द्र सिकाई सामाग्रीहरु | कर्मचारी तथा स्वयंसेवकहरु | |
| ६ | इन्द्रेणी | सिकाई सामाग्रीहरु | कर्मचारी तथा स्वयंसेवकहरु | |
| ७. | अन्य निकाय | सन्देसमूलक शिक्षा | शिक्षा सहजकर्ता, | |

### ३.५.२ बिपद पश्चात संचालन गरिने गतिविधि :

| क्र.सं. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | स्रोत र साधनको एकीन गरी कार्य विभाजन गर्न शिक्षाको क्षेत्रमा काम गर्ने संघ/संस्थाको समन्वय समितिको बैठक | शिक्षा बिकाश तथा समन्वय इकाई | प्रकोपको ५/७ दिन भित्र |
| २ | पढाई निरन्तरताका लागि कक्षा संचालन गर्न अस्थायी कक्षा कोठाको निर्माण गर्ने । | UNICEF र स्थानीय संघ/संस्था र व्यक्तिहरु | प्रकोपको ५/७ दिन भित्र |
| ३ | कक्षा संचालनका लागि स्वयंसेवकलाई तालिम | स्थानीय समुदाय र संस्थाहरु | १० दिन भित्र |
| ४. | शैक्षिक सामाग्रीको व्यवस्था (पाठयपुस्तक, कापी, कलम, पेन्सील, झोला) | UNICEF , शि.बि.स.ई र नजिकका विद्यालय | १० दिन भित्र |
| ५ | वातावरणीय व्यवस्थापनको लागि शौचालय र पानीको व्यवस्था । | UNICEF , स्थानीय क्लब र समुदाय | १० दिन भित्र |
| ६ | कक्षा संचालनको समय समयमा देखिएका समस्या सामाधाननार्थ बेला बेलामा अनुगमन तथा सुपेरीवेक्षण | UNICEF, समन्वय समिति | कक्षा संचालन भएको समयमा । |
| ७ | परिस्थितीको सहजढंगले सामना गर्न गराउनका लागि मनोसामाजिक परामर्श सेवा | सहयोगी संस्थाहरुवाट | साँझ विहान |
| ८ | नियमित अध्ययन कार्यलाई निरन्तरता दिन विद्यालयमा फिर्ता गर्ने । | संघ/संस्था विद्यालय | बालवालिका घरमा फर्के पछि । |

### ३.५.३ पूर्व तयारी योजना :

| क्रस | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | आपतकालिन शिक्षा समन्वय समितिको बैठक | शि.बि.स.ई | जेष्ठ १० भित्र |
| २ | विपद संभावित क्षेत्रका विद्यार्थीहरुको Flash बाट तथ्यांक संकलन र विश्लेषण । | शि.बि.स.ई र स्रोत केन्द्र | जेष्ठ १५ भित्र |
| ३ | संभावित क्षेत्रमा सचेतना अभिमुखिकरण कार्यक्रम संचालन | समन्वय समितिको बैठकले तोकेको संस्था | जेष्ठ २० भित्र |
| ४ | स्वंयसेवक शिक्षकको छनौट र तालिम ३५ जना । | शि.बि.स.ई.., गै.स.स. | जेष्ठ मसान्त भित्र |
| ५ | अनौपचारिक कक्षामा पूर्व स.का.को सूची तयार गरी कक्षा संचालन गर्ने । | शि.बि.स.ई , गाविस, स्थानीय राजनैतिक दल | जेष्ठ मसान्त भित्र |
| ६ | सुरक्षित स्थानको छनौट | स्थानीय गैर सरकारी संस्था | जेष्ठ मसान्त भित्र |
| ७ | रोष्टर समूह गठन (तालिम, अनुगमन र व्यवस्थापनका लागि) | शि.बि.स.ई,सहयोगी स्थानीय संस्थाहरु र UNICEF | जेष्ठ मसान्त भित्र |
| ८ | दिवा खाजाको प्रवन्ध मिलाउने । | जि.शि.ई. र प्रभावित विद्यालयहरु | जेष्ठ मसान्त भित्र |

### ३.५.४ कार्यक्रम बजेट :

| क.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | जिल्ला शिक्षा समन्वय समितिको बैठक |
| २ | विपद संभावित क्षेत्रका विद्यार्थीहरुको २०७२ Flash बाट तथ्यांक संकलन र विश्लेषण । |
| ३ | संभावित क्षेत्रमा सचेतना अभिमुखिकरण कार्यक्रम संचालन |
| ४. | अस्थायी कक्षा कोठाको लागि शैक्षिक सामाग्री |
| ४.१ | त्रिपाल |
| ४.२ | चकटी |
| ४.३ | कालो पाटी |
| ४.४ | पठयापुस्तक सेट |
| ४.५ | झोला |
| ४.६ | पोशाक |
| ४.७ | कापी, कलम |
| ४.८ | किट बक्स |
| ५ | स्वंय सेवक शिक्षकको छनौट र तालिम ३० जना । |
| ६ | स्वंय सेवक शिक्षकको सुविधा |
| ७ | पठन पाठन संचालनको लागि सुरक्षित स्थानको छनौट |
| ८ | रोष्टर समूह गठन (तालिम, अनुगमन र व्यवस्थापनका लागि) |
| ९. | हैण्डपाईप जडान |
| १० | पुरुष अस्थायी शौचालय ४०, महिला अस्थायी शौचालय ६०, का लागि नल, त्रिपाल |
| ११. | दिबा खाजाको प्रबन्ध मिलाउने (३ महिनाको लागि) |
| १२. | मनोसामाजिक विमर्श व्यवस्था |
| १३. | अनुगमन, मूल्यांकन, समिक्षा र प्रतिबेदन |

## ३.६ संरक्षण (Protection)

### क) विपद पछिको अनुमानित परिदृश्य

- बालवालिका आमा बाबुबाट छुट्टिएका, बाबुआमा/अभिभावक गुमाएका, हराएका बालवालिका, श्रम शोषण, यौनशोषण, बेचविखनको उच्च जोखिममा पर्न सक्ने, मनोसामाजिक असर (Trauma), किशोरीहरुलाई हैरानी Harashment) तथा यौनजन्य हिंसा, राहत कार्यमा भेदभाव भएका, अपांगत भएका व्यक्ति, दलित/गरीब बालवालिकाहरु विशेष जोखिममा रहेका हुन्छन ।
- लैंगिकताका आधारमा हुने हिंसा (GBV), आश्रय स्थल/बसोवासबाट बन्चित, महिनाबारी तथा गर्भवती, प्रसुती अवस्थाका महिलाहरु, मनोबिच्छिप्त (Depression), मनोसामाजिक असर, सामाजिक सुरक्षा जालो भत्कीनु, बेचविखनको जोखिम, HIV/AIDS को जोखिम, बलात्कार, गोपनीयता (Privacy), छुवाछुतको आधारमा गरिने भेदभाव, आवश्यकता तथा आवाजहरुको सुनुवाई नहुने भएर जोखिममा हुन्छन ।
- अपांग, बृद्धबृद्धा तथा एकल महिलाविशेष आवश्यकताहरु भएका (वैशाखी, Wheelchair, सहारा, विशेष खाना तथा स्याहार) फरक क्षमता भएका व्यक्तिहरु, बृद्धबृद्धा तथा एकल महिलाहरु जोखिममा रहन्छन ।

### ख) उद्देश्य

- बालबालिका महिला, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सम्पूर्ण जोखिममा परेका समूहले आपतकालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावरहित तथा पोषणयुक्त खानाको साथै उपयुक्त र सहज वातावरणमा रहन पाउने वातावरणको सिर्जना गर्ने ।

## ग) मानवीय सहयोगका मापदण्डहरु

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने
- बिभिन्न समुदायका सदस्यहरुबाट, बिशेषत: अति गरिब तथा पछाडी पारिएका समुहबाट मानबिय सहयोग तथा आधारभत सेबा सुबिधामा समान पहुँच प्रतिकार्य पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बाल-मैत्री ठाउँलगायत बाल-बालिका तथा महिलाहरूका लागि सुरक्षित बातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षणसम्बन्धी प्रतिकार्य कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- बिछोडिएका तथा परिबार साथ नभएका बाल-बालिकाहरू, खास गरी पाँच बर्षको उमेरभन्दा मुनिका बाल-बालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट बिछडिएका तथा साथ नभएका बाल-बालिकाहरू र अन्य जोखिममा परेका समुह जस्तै: परिबार नभएका, बृद्ध, अपांग तथा दिर्घ रोगबाट पिडीत समुहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने बास तथा अन्य सेवाको व्यवस्था) ।
- मानबिय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा बिस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा बिस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।

## घ) लक्षित समूह

- महिला (सुत्केरी, गर्भवती), बालबालिका, किसोर किसोरी, अपांग, बृद्धबृद्धा, घाइते, तनाबमा रहेका, यौन तथा लैगिक हिंसामा परेका ।

### ३.६.४. विद्यमान श्रोत तथा क्षमता

| क्र.सं. | सस्था वा कार्यालय | स्रोत /सामग्री | जनशक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानिय तह | IEC सामाग्री: बिभिन्न ९ बटा महिला सहकारी संस्थाहरुमा लैंगिक हिंसामा परेका महिलाहरुको न्यायमा पहुंच तथा सहयोगको लागि रकम मौज्दात रहेको | मनोसामाजिक परामर्शकर्ता १, बाल संरक्षण निरीक्षक १ महिला तथा बालबालिका कार्यालयका कर्मचारी र सहजकर्ताहरु, GBV District Resource Group | UNFPA को सहयोग |
| २ | जि.प्र.का. | सुरक्षा सामग्री | सुरक्षा जनशक्ति | सुरक्षा, न्याय |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | Supplies for GBV screening and treatment | Trained Health Workers on GBV | UNFPA को सहयोग |
| ४ | महिला सेल्टर (Women Shelter) (साथी) | १० बेडको सेल्टर, खाना उपचार सहित | मनोबिमर्शकर्ता १ जना संयोजक, गार्ड, वार्डेन | स्थानिय तह र अन्तरिक को सहयोग |
| ५ | माहुरी होम | मानबीय | मानब अधिकारकर्मीहरु | मानब अधिकार |
| ६ | ईन्सेक | मानबीय | मानब अधिकारकर्मीहरु | मानब अधिकार |
| ७ | इन्द्रेणी | मानबीय | मानव अधिकारकर्मीहरु | मानब अधिकार |
| ८ | सिद्धार्थ | मानबीय | मनोबिमर्शदाता तथा मानब अधिकारकर्मीहरु | मनोबिमर्श तथा मानबअधिकार |
| ९ | नेपाल परिवार नियोजन संघ | मानबीय | मनोबिमर्शदाता १ जना | UNFPA को सहयोग |

### ३.६.५ विपद पश्चात सम्पन्न गरिने गतिविधिहरु

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | संरक्षण क्लष्टरको आकस्मिक बैठक | जिल्ला विपद व्यवस्थापन समिति | घटनाको खबर पाएको २ घण्टा भित्र |
| २ | सम्वन्धित क्षेत्र अवलोकन तथा प्रभावितको तथ्यांक संकलन (संरक्षणको हिसावले लिने तथ्यांक फारम MIRA अनुसार) | गा.पा. तथा न.पा. | बैठक पछि ५ घण्टा भित्र |
| ३ | Rapid Assesment बाट पत्ता लागेका संरक्षण सम्वन्धि सवालहरुको पहिचान/ विश्लेषण तथा आवश्यक तयारी | गा.पा. तथा न.पा. | ३ दिन भित्र |
| ४. | आवश्यक जनशक्ति, स्रोत सामाग्रीहरुको आंकलन तथा तत्काल गरीनु पर्ने सम्वोधनको लागि बैठक | ,गा.पा. तथा न.पा. | ५ दिन भित्र |
| ५ | निगरानी समूह | गा.पा. तथा न.पा. | नियमित |
| ६ | मनोसामाजिक परामर्शकर्ताको परिचालन तथा मनोसामाजिक विमर्श सेवा प्रदान । | गा.पा. तथा न.पा. | नियमित |
| ७ | विछोडिएका बालबालिकाको पूर्नमिलन र संरक्षण तथा सुरक्षित बासस्थानको व्यवस्था मिलाउने । | गा.पा. तथा न.पा. | नियमित |
| ८ | महिला / किशोरी / प्रशुती / गर्भबतीहरुको विशेष स्वास्थ्य सेवाको व्यवस्था तथा संप्रेशण (Refer) | गा.पा. तथा न.पा. | नियमित |
| ९ | विस्थापित अवस्थामा हुने जोखिम प्रति जनचेतना जगाउने IEC सामाग्री वितरण तथा प्रचार | गा.पा. तथा न.पा. | नियमित |
| १० | Emergency Contraception तथा Rape Treatment Kit Supply | स्वास्थ्य कार्यालय/UNFPA | आवश्यकता अनुसार |
| ११ | Dignity Kits, RH Kit, Rape Kit, Kishori Kit Clean delivery kits रहेको । | UNFPA | समय/समयमा |
| १२ | GBV Screening, Treatment, Legal and Security referrel | GBV District OCMC जिल्ला अस्पताल | नियमित |
| १३ | अपागं, बृद्धबृद्धा तथा एकल महिलाहरुको सेवा/संरक्षणको लागि तालिम तथा पैरवी, समन्वय गर्ने । | न.पा. /गा.पा./ यू.एम.एन. | नियमित |
| १४ | किशोर/किशोरी समूह निर्माण गरी यौन तथा हिंसा आदि बारे शिक्षा | न.पा. /गा.पा./यू.एम.एन. | नियमित |
| १५ | अन्य कल्प्टरहरुसंग समन्वय गरी बालबालिका, महिला, अपागं, बृद्धबृद्धा तथा एकल महिला एवं दलित समुदायमा विशेष सेवा सुविधाको लागिथ पहल तथा पैरवी गर्ने । | न.पा. /गा.पा. | नियमित |
| १७ | नियमित समिक्षा, पुनयोजना, कार्यान्वयन तथा प्रतिवेदन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | नियमित |

### ३.६.६ संरक्षण पूर्व तयारी योजना

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | संरक्षण क्षेत्र सदस्यहरुको समन्वय बैठक | जिल्ला विपद व्यवस्थापन समिति | बैशाख १० भित्र |
| २ | तथ्यांक संकलकको भुमिका सम्वन्धि तालिम प्रदान | जिल्ला विपद व्यवस्थापन समिति | बैशाख २० भित्र |
| ३ | सरोकारवालाको पहिचान गरी सुचीकृत गर्ने र दक्ष बनाउनका लागि तालिम प्रदान गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | बैशाख २० भित्र |
| ४. | संरक्षण क्लष्टरका सदस्यहरुलाई अधिकार मा आधारित GBV, CRC, Interagency Response तालिम प्रदान गर्ने | जिसस /जि प्रशासन कार्यालय | बैशाख २० भित्र |
| ५ | संरक्षणमा आधारित गा.पा तथा न.पा. स्थित संयन्त्रलाई अभिमुखि गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | बैशाख मसान्त भित्र |
| ६ | अधिकारमा आधारित सुरक्षित आवासको व्यवस्था गर्न ईमर्जेन्सी सेल्टर, क्लष्टरसंग पूर्व सुनिश्चीतता गराउने । | नपा, गापा | जेष्ठ १० भित्र |
| ७ | मनोसामाजिक विमर्शकर्ताको पहिचान गरी सुचीकृत गराउने तथा आवश्यकता अनुसार परिचालनका लागि दक्ष बनाउने । | नपा, गापा | जेष्ठ १० भित्र |
| ८ | • जिल्ला महिला तथा बाल संरक्षण समिति संग समन्वय गरी पूर्व तयारी बारे छलफल गर्न र संम्प्रेषण संयन्त्र बनाउने ।<br>• स्वास्थ्य उपचार सेवा<br>• कानुनी सहायता सेवा<br>• सुरक्षा सेवा<br>• आर्थिक सहयोग<br>• महिला र बाल सुरक्षा<br>• आवास सेल्टर/वासस्थान<br>• एक द्वार संकट मोचन सेवा (OCMC) | जिल्ला विपद व्यवस्थापन समिति | जेष्ठ २० भित्र |
| ९ | डिग्निटी किट, किशोरी किट, RH Kit, Rape Kit खरिद तथा भण्डारण गर्ने प्रयोजनका लागि अभिमुखिकरण गराउने | जिल्ला विपद व्यवस्थापन समिति | जेष्ठ मसान्त भित्र |
| १० | आचारसंहिता तयार गरी सरोकारवाला लाई अभिमुखिकरण गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | जेष्ठ मसान्त भित्र |
| ११ | फरक क्षमता (अपांगता) भएका व्यक्तिहरुलाई सायरन यन्त्रको व्यवस्था मिलाउने | जिल्ला विपद व्यवस्थापन समिति | जेष्ठ मसान्त भित्र |
| १२ | आपतकालिन अवस्थामा उद्धारका लागि यातायात सेवाको सूचीकरण गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | जेष्ठ मसान्त भित्र |
| १३ | अनुगमन, मूल्यांकन र समिक्षा बैठक | जिल्ला विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार |
| १४ | संरक्षण विषयगत क्षेत्रका सम्पूर्ण सदस्यहरुको क्षमता अभिबृद्धि तालीम | जिल्ला विपद व्यवस्थापन समिति | बैशाख मसान्त भित्र |

## ३.६.७ प्रमुख कार्यहरु :

| क्र.स. | प्रमुख कार्यहरु | ईकाई | परिमाण |
|---|---|---|---|
| १ | संरक्षण क्षेत्र सदस्यहरुको समन्वय बैठक | बैठक | ४ |
| २ | संरक्षण क्लष्टरका सदस्यहरुलाई अधिकारमा आधारित GBV, CRC, Emergency Response, IRA, MIRA तालिम प्रदान गर्ने | ब्याच | १ |
| ३ | मनोसामाजिक बिमर्शाकर्ताको पहिचान गरी सूचीकृत गराउने तथा आवश्यकता अनुसार परिचालन गराउने । | जना | ३ |
| ४ | आचारसंहिता तयार गरी सरोकारवालालाई अभिमुखिकरण गर्ने । | पटक | १ |
| ५ | अपांग अशक्तहरुलाई सहयोगी सामाग्री । व्हील चेयर, बैसाखी, सिठी, आदि) | पटक | १ |
| ६ | विस्थापित अवस्थामा हुने जोखिम प्रति जनचेतना जगाउने IEC सामाग्री वितरण तथा प्रचार | पटक | १ |
| ७ | Emergency Contraception तथा Rape Treatment Kit Supply -UNFPA मार्फत स्वास्थ्य कार्यालय तथा हेपोमा भण्डार भै सकेको) | सेट | ० |
| ८ | Female Dignity kits (लुंगी, काईयो, नेल कटर, ब्रा, पेन्टी, सेनीटरी प्याड) UNFPA दाङमा भण्डार भएको ) | सेट | १८० |
| ९ | Rape Treatment kits UNFPA मा रहेको । आबश्यकतानुसार माग गर्ने | सेट | |
| १० | अनुगमन, मूल्यांकन र समिक्षा बैठक | पटक | ३ |

## ३.७. खानेपानी तथा सरसफाई (WASH)

**क) विपद पश्चातका परिदृश्यहरु :**

- खानेपानी उपलब्ध नभएको अवस्था ।
- भएका श्रोतहरु प्रदुषित/बिग्रेको अवस्था ।
- शौचालयको उपलब्धता नभएको अबस्था ।
- भैरहेका शौचालय बिग्रेको अवस्था ।
- बालबालिका र अन्यमा झाडा पखाला/महामारीको संभावना ।
- आधारभुत सरसफाई सुबिधाका अभाब (नुहाउने, धुने....)
- व्यक्तिगत सरसफाईका सामाग्रीहरुको अभाव (ब्रस,साबुन,गम्छा, स्यानीटरी प्याड....) सरसफाई सम्वन्धि हेलचेक्रयाई र लापरवाही
- पशुजन्य रोगहरुवाट संक्रमण ।
- पोखरी वरीपरि फोहोर गर्ने गरेको अवस्था

**ख) उद्देश्यः**

विपदबाट प्रभावित परिवारहरुलाई ३० दिन सम्म खानेपानी तथा सरसफाइ सम्बन्धीका सुविधाहरु उपलब्ध गराई पानी तथा सरसफाईजन्य रोगहरु फैलनबाट रोक्ने तथा रोकथाम गर्ने ।

**ग) मानवीय सहयोगका मापदण्डहरु**

- घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भई शिविरमा बस्ने व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने चक्की (tablets) अथवा वाटर गार्ड (water guard) उपलब्ध गराउने ।
- सुरक्षित पानी प्रति दिन प्रति व्यक्ति ३ लि. र अन्य प्रयोजन १२ लि. ।
- पुरुष तथा महिलाहरूका लागि छुट्टाछुट्टै नुहाउने सुविधाका साथै अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले पर्ने गरी) को निर्माण गर्ने ।
- शिबिरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी संस्थाहरु, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग समन्वय गरी स्वास्थ्यसम्बन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य प्रवर्धनसम्वन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चालन गर्ने ।

### ३.७.१ विद्यमान श्रोत तथा क्षमताको विवरण

#### ७.१.१ खानेपानी सरसफाई सवडिभिजन कार्यालय तथा रहेका समान:

| क्रसं | सामग्रीको विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | हेण्ड पम्प | सेट | २० | |
| २ | सूचना, शिक्षा तथा संचार सामग्रीहरु (IEC Materials) | थान | २००० | |
| ३ | खानेपानी, स्वास्थ्य र सरसफाई संबन्धी मानवस्रोतहरु (WASH Motivators and Engineer, Sub Engineers, WSST) | जना | ९ | |
| ४ | खानेपानीका टेन्करहरु (Water Tankers) | थान | १ | |

### ३.७.२ विपद पश्चात संचालन गरीने क्रियाकलापहरु

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | समन्वय बैठक | खानेपानी तथा सरसफाई कार्यालय | तुरुन्तै १ घण्टा भित्र |
| २ | पूर्व तयारीको योजनाको समिक्षा | खानेपानी तथा सरसफाई कार्यालय, क्लष्टर | तुरुन्तै १ घण्टा भित्र |
| ३ | साझेदारहरुको क्षमता विश्लेषण मानवीय, आर्थिक, भौतिक) | खानेपानी तथा सरसफाई कार्यालय, क्लष्टर | तुरुन्तै १ घण्टा भित्र |
| ४. | पिउने पानी तुरुन्त उपलब्ध गराउने (टयांकर, पाईप, बाल्टी, जरकीन, मग ....) | खानेपानी तथा सरसफाई कार्यालय | १२ घण्टा भित्र |
| ५ | तत्कालिन आवश्यकता विश्लेषण (MIRA) | रेडक्रस, क्लष्टर पूर्वाधार कार्यालय | ३ देखि ७ दिन |
| ६ | स्वास्थ्य सरसफाई सामाग्री वितरण | खानेपानी तथा सरसफाई कार्यालय, यू.एम.एन. | २ दिन भित्र |
| ७. | सरसफाई स्वयं सेवक परिचालन | खानेपानी तथा सरसफाई कार्यालय, | २ दिन भित्र |
| ८. | सूचना प्रवाह, अनुगमन, साझेदारी | क्लष्टर | १ देखि ३० दिन |
| ९. | पानी सुद्धिकरण सामाग्री (पिउस, वाटर गार्ड, क्लोरिन .....) वितरण | खानेपानी तथा सरसफाई कार्यालय | १ देखि ७ दिनसम्म |
| १०. | जनचेतनामूलक क्रियाकलाप | खानेपानी तथा सरसफाई कार्यालय | ३० दिन भित्र |
| ११. | प्रारम्भिक उपचारको व्यवस्था | जि.स्वा.का. | शुरु देखि |

### ३.७.३ खानेपानी, सरसफाइ तथा स्वास्थ्य (WASH) पूर्व तयारी योजना

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | क्लष्टर बैठक TOR मा छलफल र अनुमोदन र नया साझेदारहरुको पहिचान र आवद्धता | खानेपानी तथा सरसफाई डि. कार्यालय | जेष्ठ १० भित्र |
| २ | साझेदारहरुको क्षमता विश्लेषण (आर्थिक, मानवीय र भौतिक) र मौज्दात विवरण संकलन | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | जेष्ठ १० भित्र |
| ३ | निर्माण सामाग्री (हेण्डपाइप, प्लाष्टिक, डोरी, बोरा लगायतका सामान) विक्रेताको सूची तयार गर्ने | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | जेष्ठ १० भित्र |

| | | | |
|---|---|---|---|
| ४. | Hygene Kit ORS पानी शुद्धिकरण गर्ने सामाग्रीहरु भण्डारण | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | जेष्ठ १५ भित्र |
| ५ | पानी संकलन गर्ने १००० लि.को टंकी, पानी ओसार्ने टंकीको उपलब्धता पहिचान गरी स्टेण्डवाई एग्रीमेनट गर्ने । | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | जेष्ठ १५ भित्र |
| **क्षमता अभिबृद्धि :** | | | |
| १. | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) तालीम | रेडक्रस, इ | जेष्ठ मसान्त भित्र |
| २. | हातधुने, सरसफाई, शौचालयको प्रयोग, पानी शुद्धिकरण, हाईजिन किट प्रयोग सम्वन्धि FCHV लाई अभिमुखिकरण तालिम दिने । | DHO, WSSDO, WASH | जेष्ठ मसान्त भित्र |
| ३. | WASH Technician, स्थानीय स्वय सेवक, आमा समुह, युवा, बालक्लब, स्थानीय राजनैतिक दलह( रुलाई अनुशिक्षण दिने । | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | जेष्ठ मसान्त भित्र |
| **सम्वोधन :** | | | |
| १. | पानी संकलन गर्ने टंकी २ वटा | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | स्टक रहेको |
| २. | बाल्टी तथा मग १०० | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | स्टक रहेको |
| ३. | पानी शुद्धिकरण गर्ने चक्कीहरु | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको पहिलो हप्ता |
| ४. | शौचालय सरसफाई सामग्री | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको पहिलो हप्ता |
| ५ | विद्यमान खानेपानीका पम्प मर्मत संभार | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको पहिलो हप्ता |
| ६ | ढल निकास व्यवस्थापन | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको पहिलो हप्ता |
| ७. | स्वयंसेवक परिचालन | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको दोस्रो हप्ता |
| ८ | संचार माध्यम परिचालन | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको दोस्रो हप्ता |
| ९ | फोहर व्यवस्थापन | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको दोस्रो हप्ता |
| १० | अनुगमन/मूल्यांकन | खानेपानी तथा सरसफाई डि. कार्यालय र क्लस्टर सदस्यहरु | आषाढको दोस्रो हप्ता |

### ३.७.४ कार्यक्रम बजेट

| क्र.स. | प्रमुख कार्यहरु | ईकाई | परिमाण |
|---|---|---|---|
| १ | क्लष्टर बैठक TOR मा छलफल र अनुमोदन र नया साझेदारहरुको पहिचान र आवद्धता | बैठक | ४ |
| २ | Hygiene Kits, ORS, पानी शुद्धिकरण गर्ने सामाग्रीहरु भण्डारण । | महिना | १२ |
| ३ | पानी संकलन गर्ने १००० लि.को टंकी | बटा | १ |
| ४. | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) तालीम | ब्याच | १ |
| ५ | हातधुने, सरसफाई, शौचालयको प्रयोग, पानी शुद्धिकरण, हाईजिन किट प्रयोग सम्बन्धि FCHV लाई अभिमुखिकरण तालिम दिने । | गापा, नपा | १३ |
| ६. | WASH Technician, स्थानीय स्वय सेवक, आमा समुह, युवा, बालक्लब, स्थानीय राजनैतिक दलहरुलाई अनुशिक्षण दिने । | गापा, नपा | १३ |
| ७ | हेण्ड पम्प २० बटा | बटा | २० |
| ८ | हाईजिन किट १०० | सेट | १०० |
| ९ | खाल्डे चर्पीको लागि प्यान, प्लासिटक बोरा आदि । | सेट | ५० |
| १० | शौचालय सरसफाई सामग्री | सेट | ५० |
| ११ | बिद्यमान खानेपानीका पम्प मर्मत संभार | सेट | ५० |
| १२ | ढल निकास व्यवस्थापन | सेट | १ |
| १३ | स्वयंसेवक परिचालन | जना | ३० |
| १४ | संचार माध्यम परिचालन | पटक | १ |
| १५ | फोहर व्यवस्थापन | जना | २० |
| १६ | अनुगमन/मूल्यांकन | पटक | १ |

## ३.८. कृषि, खाद्य तथा जिविकोपार्जन (Agriculture, Food & Livelihood)

**क) बिपद पछिको परिदृश्य :**

- विपदबाट गाउँ जलमग्न भएको मानिसहरु हताहत भइ आफ्नो ज्यान जोगाउन भागाभाग भएको र खालीहात विस्थापित भएको ।
- विपद भएको केही समय पछि नै तत्काल उद्धारकर्मीहरु पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरुलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति परिवारहरु आफूले लगाएको लुगा बाहेक साथमा केहि नदेखिएको र अति भोकाएको, थाकेको, परिवार सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको ।
- खेतीयोग्य जमिनमा भएको बाली नष्ट भई जग्गा डुबान, कटान एवं पुराईमा परेको ।
- विपदग्रस्त क्षेत्रमा पाक्ने एवं भित्राउने वेलामा विभिन्न वालीहरु नष्ट भई प्रभावित क्षेत्रका वस्तीहरुमा खाद्यान्न तरकारी एवं फलफुलको अभाव भई भोकमरी एवं कुपोषणको अवस्था सृजना भएको ।
- पशु पक्षीको गोठ, खोर, टहरा, आदि डुबान कटान एवं पुराईमा पर्न गई पशुपक्षीको क्षती भएको
- विपदग्रस्त क्षेत्रमा तरकारी तथा खाद्यान्नको विउहरुको नष्ट भई बिऊको अभाव भएको

ख) उद्देश्य :

- विपदबाट प्रभावित व्यक्ति, परिवारलाई तत्कालीन खाद्य सामग्रीको व्यवस्था गर्ने ।
- विपदबाट प्रभावित परिवारहरुको जग्गामा डुवान कटान एवं पुरिनबाट बचाउनका लागि आवश्यक छेकबार बाँध, वार, बन्देज बनाउन सहयोग गर्ने ।
- साथै विपदबाट प्रभावित क्षेत्रमा बिऊ बिजन तथा पशुपक्षीका लागि पराल, घाँसपात, दाना, आहार एवं औषधि भ्याक्सीनको व्यवस्था गर्ने/गराउने ।

ग) मानवीय सहयोगका मापदण्डहरु

- प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्न (चामल – प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, दाल – प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम, बनस्पति तेल – प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि., नुन – प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम)
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरक (complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने
- निश्चित समूहका व्यक्तिहरूका (साना केटाकेटी, एचआईभी प्रभावित व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था ।

### ३.८.१ विद्यमान श्रोत तथा क्षमताको सूची

| क्र.सं. | साझेदारको नाम | खाद्य तथा जीविकोपार्जन सामग्री | जनशक्ति | सवारी साधन | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | बीउ, मल, कृषि औजार | खाद्य तथा कृषि विज्ञ | | |
| २ | डि.व.का. | काठ, दाउरा, सामुदायिक वनमा रहेको स्रोत | जीविकोपार्जन विज्ञहरु | | |
| ३ | कपिलवस्तु न.पा | बजेट विनियोजन | | | |
| ४ | बुद्धभुमि न.पा. | बजेट विनियोजन | | | |
| ५ | वाणगङ्गा न.पा | बजेट विनियोजन | | | |
| ६ | महाराजगंज न.पा. | बजेट विनियोजन | | | |
| ७ | शिवराज न.पा. | बजेट विनियोजन | | | |
| ८ | यशोधरा गा.पा. | बजेट विनियोजन | | | |
| ३ | कृष्णनगर न.पा. | बजेट विनियोजन | | | |
| ४ | मायादेवी गा.पा. | बजेट विनियोजन | | | |
| ५ | सुध्दोधन गा.पा. | बजेट विनियोजन | | | |
| ६ | बिजयनगर गा.पा. | बजेट विनियोजन | | | |
| ७ | जिभूसंका | भूसंरक्षणको लागि तार, जाली | प्राविधिक जनशक्ति | | |
| ८ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | तार जाली, ढुंगा आदि | प्राविधिक जनशक्ति | | |
| ९ | ने रे सो | ५० घर परिवारको लागी त्रिपाल, कम्बल, भाँडाकुँडा, खाद्य सामाग्रीहरु | स्वयंसेवकहरु | | |
| १० | उ वा स | आवश्यक खाद्य सामाग्रीहरु | स्वयंसेवकहरु | | |
| ११ | यू.एम.एन. | बीउ, मल, आवश्यक खाद्य सामाग्रीहरु | प्राविधिक जनशक्ति | | |
| १२ | गैसस | आवश्यक खाद्य सामाग्रीहरु | स्वयंसेवकहरु | | |
| १३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | | | | |
| १४ | किसान प्रोजेक्ट | | | | |

### ३.८.२ विपद पश्चात संचालन गरिने क्रियाकलापहरु :

| क्र.स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | टेलिफोन मार्फत सूचना प्रवाह गरी आपतकालिन बैठक बस्ने । | कृषि ज्ञान केन्द्र | सूचना पाएको २ घण्टा भित्र |
| २ | प्रभावित समुदाय र घटना स्थलको अवलोकन गरी क्षतिको तथ्यांक संकलन | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | २४ घण्टा भित्र |
| ३ | भण्डारण गरीएको सामाग्रीको परिमाण र अवस्थाको निरिक्षण । | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | २४ घण्टा भित्र |
| ४. | स्वयंसेवक परिचालन गरी तयारी खाद्य सामाग्री वितरण । | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | दोस्रो दिन देखि ५ दिन भित्र |
| ५ | पकाउनु पर्ने सामाग्री वितरण गर्ने । | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | ५ दिन पछि |
| ६ | सामाग्रीको विस्तृत विवरण सहित लगत तयार गर्न क्लष्टरको बैठक बस्ने । | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | पाचौ दिन |
| ७ | भण्डार जाच गरी संम्वन्धित व्यक्ति संस्था/ बिक्रेतासंग संझौता गरी आवश्यक सामाग्रीको व्यवस्थापन । | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | पाचौ दिन |
| ८ | बस्तुभाउको लागि आबश्यक पर्ने दाना तथा घाँसको व्यवस्था | कृषि बिकास तथा पशु सेवा कार्यालय | पाचौ दिन |
| ९ | सामाग्रीको व्यवस्थापन, ढुवानी र प्रयोग | कृषि बिकास कार्यालय तथा क्लष्टर सदस्यहरु | छैठौं दिन देखि |
| १० | प्रभावित समुदायको सहभागितामा नियमित अनुगमन | सदस्य तथा समुदाय र सरोकारवाला | नियमित |

### ३.८.३ पूर्व तयारी योजना :

| **क्र.स.** | **प्रमुख कार्यहरु** | **जिम्मेवार निकाय** | **समय सिमा** |
|---|---|---|---|
| १ | समन्वय बैठक | कृषि ज्ञान केन्द्र तथा क्लष्टर सदस्यहरु | जेष्ठ पहिलो हप्ता भित्र |
